
# राहुल सांकृत्यायन

प्रभाकर माचवे



N
813.2
Sa 58 M

भारतीय
साहित्यको

N
813.2
Sa 58 M

*INDIAN INSTITUTE*
*OF*
*ADVANCED STUDY*
*LIBRARY, SHIMLA*



राहुल सांकृत्यायन

अस्तरमा छापिएको मूर्तिकलाको प्रतिरूप यो दृश्य राजा शुद्धोधनको महलको हो, जसमा तीनजना भविष्यवक्ताहरूले भगवान बुद्धको आमा, रानी मायाको सपनाको अर्थको व्याख्या गरिरहेछन् । मनिपट्टि मूंशी जी बसेका छन् अनि उनी व्याख्याको दस्तावेज लेखिरहेछन् । सम्भवतः भारतमा लेखन-कलाको यो सर्वभन्दा पुरानो अनि चित्रांकित अभिलेख हो ।

नागार्जुनकुण्ड, दोस्रो शताब्दी (ईस्वी)
सौजन्य : राष्ट्रीय संग्रहालय, नयाँ दिल्ली

भारतीय साहित्यको निर्माता

# राहुल सांकृत्यायन

लेखक
प्रभाकर माचवे

अनुवादिका
कमला सांकृत्यायन

साहित्य अकादेमी

*Rahul Sankrityayan* : Nepali translation by Kamala Sankrityayan of Prabhakar Machwe's monograph in English. Sahitya Akademi, New D
SAHITYA AKADEMI
REVISED PRICE Rs. 15.00

Library IIAS, Shimla
N 813.2 Sa 58 M
00116974

© साहित्य अकादेमी

प्रथम संस्करण : 1988

साहित्य अकादेमी

प्रधान कार्यालय
रवीन्द्र भवन, 35, फ़ीरोज़शाह मार्ग, नयी दिल्ली 110 001

क्षेत्रीय कार्यालय
ब्लाक V-बी, रवीन्द्र सरोवर स्टेडियम, कलकत्ता 700 029
29, एल्डाम्स रोड, तेनामपेट, मद्रास 600 018
172, मुम्बई मराठी ग्रन्थ संग्रहालय मार्ग, दादर, बम्बई 400 014

N
813.2
Sa 58 M

Indian Institute of Advanced Study
116974
8/12/04
SIMLA

SAHITYA AKADEMI
REVISED PRICE Rs. 15.00

मुद्रक
संजय प्रिंटर्स
दिल्ली 110 032

# अनुक्रम


1. भूमिका 7
2. जीवनी 12
3. कृतित्व 30
4. साहित्यलाई देन 38

परिशिष्ट

राहुलजी को जीवनका प्रमुख घटनाहरु 53

राहुल सांकृत्यायनजी का कृतिहरु 54

# 1

# भूमिका

महापंडित राहुल सांकृत्यायनको जीवन एवं कृतित्ववारे लेखनु कुनै पनि साना पुस्तकको लेखकको निम्ति कठिन विषय हुन जान्छ। किनमने, एक त उनका वारेमा कुनै एउटा सर्वग्राही पुस्तक हिन्दीमा पनि छैन, झन् उनका कृतिहरुको विस्तार, विविधता र व्यापकता यति अधिक र विशद छ कि उनका रचनाहरु का जम्मै विषयहरुमाथि विवरण सहित लेख्नु असम्भव हुन्छ। उदाहरणको लागि उनको आत्मकथालाई नै लियौं जसको नाम "मेरी जीवन यात्रा" छ। यसका दुई खण्डहरु, जुन 1944 र 1940 मा छापिएका थिए र जसको पुनर्मुद्रण भएन, ती क्रमशः 464 र 783 पृष्ठहरूमा लेखिएका छन्। यी खण्डहरूमा उनको व्यस्त जीवनका १९४४ साल सम्मका घटनाहरुको मात्रै वर्णन छ। अरु तीन खण्डहरु उनको मरणोपरांत प्रकाशित भए, तर तिनमा पनि उनको जीवनका अन्तिम वर्षहरुको विवरण दिइएको छैन। उनका अनेक वर्षका डायरीहरु अहिले अप्रकाशित नै छन्। यसप्रकार राहुलजीद्वारा आफ्नो बारे लेखिएका यी तीन हजार पृष्ठहरुको परिचय एउटा सानो अध्यायमा संक्षिप्त रुपमा दिनु हो भने त्यो एउटा रूपरेखामात्र हुनेछ। यही कुरो उनका कृतिहरुवारे पनि भन्न उचित हुनेछ। यस पुस्तकको परिशिष्टमा उनका पाँचवटा भाषाहरुमा प्रकाशित एक सय पच्चीस वटा पुस्तकहरुको सूची दिइएको छ। तो पाँचवटा भाषाहरु हुन्—हिन्दी, संस्कृत, पालि, तिब्बती र भोजपुरी। उनले यी भाषाहरुको माध्यमले जुन विषयहरु माथि लेखेका छन् तिनको वहुविध रूप यस प्रकार छन्—त्यसमा दर्शन, इतिहास, समाज-विज्ञान, विज्ञान, यात्रा-साहित्य, जीवनी, उपन्यास, कथा, नाटक, निबन्ध, कोश-विज्ञान, व्याकरण, पाठ-अनुधन्धान, शोध, तिब्बत-विद्या, बौद्धधर्म, लोक-साहित्य, राजनीति र यहाँ सम्म कि प्रचारवाजी पनि छन्। उनका प्रकाशित रचनाहरुमा यति असमानता र विविधता छ कि अनुवादहरु लगायत तिब्बती र संस्कृतका पाठहरु पनि छन्, अनि अत्यन्त गंभीर एवं मूल्यवान् सामग्रीहरु पनि छन्—जस्तै बौद्ध दार्शनिक

धर्मकीर्तिको 'वौद्ध न्याय' माथि लेखिएका वार्तिकहरुका भष्य-टीकाहरु। उनका साहित्यिक अवदानको पनि गुणवत्ता यति अनगढ़ छ कि उनका समस्त कृतिहरुको पहिलो प्रभावले पाठकलाई एकदमै स्तम्भित गरिदिन्छ। र हामी सोच्न थाल्छौं—कति अद्भुत यी विद्वान् हुन् औ अविश्रान्त यात्री एवं समाज-परिवर्तनकारी पनि। हामीलाई यस कुरामा आश्चर्य लाग्दछ कि एक व्यक्ति जसले कुनै पनि व्यवस्थित विश्वविद्यालयको शिक्षा पाएनन् औ जसकोमा कामगर्नको निमित्त कुनैस्थायी टुंगो थिएन, जसले आफनो नाँउ र धर्म घरि-घरि वदलरहे औ जसले आफनी आत्मकथा को मुख्य सूत्रको रुपमा बुद्धको यस वचनलाई गरेका छन्—"मैंले ज्ञानलाई आफनो यात्रामा नौकाको रुपमा लिएको छु, त्यसलाई शिरमा एउटा गह्रैं भारीको रुपमा होइन।" एक विश्वपर्यटक, एक वहुभाषाविद्ले यी सवै कसरी लेख्न सके होलान्? तिव्वत-जस्तो वर्जित प्रदेशका दुर्गम यात्राहरूमा आइपरेका वाधाहरु तथा राष्ट्रीय आन्दोलनको राजनैतिक संघर्षमा कारावास ती कठिनताहरु हुँदा-हुँदे पनि यति थुप्रै ग्रन्थहरू उनले कसरी लेखे होलान्? जति-जति वढ़ता हामी राहुलजी-वारे जान्दै जान्छौं उति नै यस स्वयं-निर्मित व्यक्तिको जीवन र कष्ट सहन गर्ने शक्ति, नयाँ-नयाँ ज्ञानवारे उनको अतृप्त भोक एवं विवेकवादी स्वतंत्र प्रज्ञाप्रति हाम्रो मनमा प्रशंसा-भाव वढ़दै जाँदछ। यो एउटा अत्यन्त दुखद घटना होयस्ता दुर्दम्य र साहसिक उन्नायकको जीवनको अंत स्मृति-भ्रंशको लामो आघातवाट भयो, औ 1963 ई० मा उनको मृत्यु-पछि, अहिले सम्म केही भावुक श्रद्धांजलिहरु वाहेक उनको सम्वन्धमा अति अल्प लेखिएको छ। डा० वासुदेवशरण अग्रवालले महाराजा सयाजीराव वड़ौदा विश्वविद्यालय को त्रैमासिक पत्रिकामा एउटा लेख अंग्रेजीमा लेखे, त्यही एउटा उल्लेखनीय अपवाद हो।

राहुलजीका उपलब्धिहरु झैं उनको व्यक्तित्व पनि अत्यन्त प्रभावशाली र संस्मरणीय थियो। उनी जव तिव्वतदेखि फर्कि आए, सुप्रसिद्ध इतिहासकार काशीप्रसाद जायसवालले 'मोडर्न रिभ्यू' नामक पत्रिकामा एउटा लेख लेखेका थिए, जसमा भनिएको थियो—"यस्ता दुर्लभ पाण्डुलिपिहरु, चित्रपटहरु र दुर्लभ ग्रन्थहरु लिएर आउने राहुलजी आफनो वाह्य रूप अनि कान्तिमा वुद्ध जस्ता देखिन्छन्।" अमृतरायले लेखे—'उनी छः फुट अग्ला, चौड़ा निधार, उन्नत छाति, र पुष्ट काँधहरु भएका यस्ता प्राचीन आर्य जस्ता देखिन्थे कि राहुलजीलाई देख्ता सुप्रसिद्ध फ्रांसेली विद्वान् सिलवां लेवीलाई भगवान् वुद्धको सम्झना आयो। राहुल जीको सौम्य र भव्य आकृति देखेर हिन्दीका लेखकहरुका कतिपय उपमाहरुको हामीलाई सम्झना आउँदछ: भगवतशरण उपाध्यायले उनलाई एउटा स्तम्भ जस्तै ठानेका छन्, ठाकुरप्रसाद सिंहले वटवृक्ष झैं मानेका छन् र विद्यानिवास मिश्रले लेखेका छन्—'उनी हिमालयका प्रेमी थिए, हिमालयदेखि पारि उनी गए औ तिनै पर्वतमालाहरु संग एकाकार भए। उनको आकर्षक देहयष्टि झैं नै उनको

मस्तिष्क र हृदयका गुणहरु पनि अत्यन्त आकर्षक थिए। उनी एकजना उदार मानवतावादी थिए औ कसै संगपनि समझौता नगर्ने खालका परम्परा-विरोधी र रुढ़िभंजक थिए।

राहुलजीको जन्म उत्तर प्रदेशको आजमगढ़ जिल्लामा एउटा सानो गाउँमा एउटा सनातनी सरयूपारीण ब्राह्मण परिवारमा भएको थियो। यस्ता परिवारमा जन्मिएका बालक अति सानो उमेरमा ज्ञान अनि कामको खोजीमा घरवाट भागे। उनको मूल नाँउ थियो केदारनाथ पाण्डे। बनारसमा उनले परम्परागत विधिले संस्कृत, अरबी र फारसी भाषा सिके, तर शेष तीसवटा भाषाहरु जुन उनले सिके ती सबै स्वत: अर्जित थिए। पहिले उनले आफनो जन्म-नाँउ र सनातनी हिन्दूमत परिवर्तन गरेर उनी एउटा घुमिहिंड़ने योगी अर्थात् परिव्राजक साधु भए औ उनी' 'रामदास' को नाउँले प्रसिद्ध भए। त्यसपछि उनी आर्यसमाजी हुन पुगे। यसबाट पनि उनले मत-परिवर्तन गरे औ पछि उनले पहेंलो चीवर वस्त्र धारण गरेर बौद्ध भिक्षुको रुपमा दीक्षित भए। यसै अवस्थामा उनी नेपाल र श्रीलंका गए। पालि, सिंहली तथा तिब्बती भाषामा लेखिएका बौद्ध ग्रंन्थहरु उनले पढ़े औ "महापंण्डित र त्रिपिटकाचार्य" (जसले थेरवादी बौद्ध धर्मका तीनैवटा पिटकहरुकोपूर्ण अध्ययन गरेका हुन्छ) का उपाधिहरु प्राप्त गरे। यति मात्र सम्बलको सहारा लिएर उनी लामाहरुको त्यस देशमा आफनो प्राणको बाजी लगाएर अत्यन्त दुर्गम पथबाट भएर एउटा साधुको रुपमा आइपुगे। उनी यूरोपमा, बौद्ध प्रचारकको रुपमा गए र कतिपय प्रसिद्ध प्राच्यविद्या-विशारदहरु संग उनले भेट गरे। तर यूरोपले उनलाई आकृष्ट गर्न सकेन औ अमेरिकामा बौद्धधर्मको प्रचार गर्ने आमन्त्रण उनले अस्वीकार गरिदिए।

राहुलजीको जीवनमा यस अवस्थामा मार्क्सवादले उनलाई यति अधिक आकर्षित गर्‍यो कि 1934 ई० मा सोभियट रुसको आफ्नो यात्रापछि उनी कट्टर समाजवादी प्रचारक वन्न पुगे। त्यसपछि उनले किसाम-सभा र भारतीय राष्ट्रीय कांग्रेसको सक्रिय राजनीतिमा प्रवेश गरे। 1937, 1944 र 1962 मा तीन पटक उनी पुन: सोभियट रूस गए। अन्तिम पल्ट दुर्भाग्यले उनी चिकित्साका निम्ति गएका थिए, तर उनको लुप्त स्मृति फेरि फर्केन। 19 अक्टूवर 1939 मा मुंगेरमा उनी कम्युनिस्ट पार्टीका सदस्य भए र नौ वर्षसम्म कम्युनिस्ट नै वनिरहे। जनवरी 1948 मा हिन्दी साहित्य सम्मेलनको वम्वई समारोहमा अध्यक्षीय भाषणको कारणले भारतीय कम्युनिस्टपार्टीवाट उनी निष्काषित भए। उनले आफनो जीवनभरि ज्ञानको एउटा डेरादेखि आर्को डेरासम्मको यात्रा गरि नै रहे। एउटा मतवाददेखि अर्को मतवादसम्म, उनको अशान्त आत्माले मनुष्य-जातिलाई दु:खबाट मुक्तिको लागि बराबर खोजी गर्दै हिंड़े कि कदाचित कुनै यस्तो मार्ग पाइन्छकि भनेर।

सन् 1903 ई० मा, दस वर्षको उमेर पनि पुगेको थिएन होला, उनी घरबाट सुट्टक्कै भागेर बनारस आइपुगे। 1907 अनि 1909 मा कामको खोजीमा, आत्मनिर्भर बनिने उद्देश्यले उनी कलकत्ता आइपुगे। 1910 देखि उनको जीवनका यात्राहरु प्रारम्भ भए। हिमालय उनको गन्तव्य थियो। पहिले उनी साधुहरुको एउटा मण्डलीसंग गए। पछि-पछि चाँहि एक्लै नै घुमिहिंडे। उनले सारा भारतको भ्रमण गरे, र आगामी एघार वर्षसम्म कैयन् साना-ठूला शहरहरुमा बरालिइरहे—काशी, परसा, तिरुमिशी, तिरुपति, कांचीपुरम्, बंगलोर, विजयनगर, त्रियम्वक, उज्जैन, अहमदाबाद, अयोध्या, आगरा, लाहौर, कुर्ग इत्यादि ठाँऊहरुको भ्रमण गर्दै 1926 मा उनी पुनः हिमालयतिर गए, तिब्बत, बुशहर, सुमनम, येंनम् (हिमालय प्रदेश) र यस्तै सुदूर स्थानहरुको यात्रा गरिहिंडे।

सन् 1923 देखि राहुलजीका विशेष यात्राहरु शुरु भए। उनको पहिलो यात्रा नेपालको थियो। 1927 मा उनी श्रीलंका गए। 1930 मा उनले आफनो नाँउ रामउदारदास देखि बदलिए पूर्णतया बौद्ध नाँउ 'राहुल सांकृत्यापन' राखे जुन चांहि उनको जीवनभरि रह्यो। चार पल्ट उनी तिब्बत गए। आफ्ना सबै यात्राहरुमा उनले तिब्बतको यात्रालाई सबै भन्दा कठिन, भयानक भएता पनि सबैभन्दा बढ़ी सन्तोषजनक र अर्थपूर्ण मान्दथिए। 1932 मा उनी यूरोप गए जहाँ फ्रांस, जर्मनी र इंगयाण्डको जीवन उनके नजिकैबाट देखे। सोभियट रुसमा, लेनिनग्राड विश्वविद्यालयमा उनले अध्यापन गरे औ मध्यएशियाको सोभियट गणराज्यबारे विशेष अध्ययन गरेपछि उनले एउटा वृहदाकार ग्रन्थ 'मध्यएशिया-को इतिहास' दुई खण्डमा लेखे। यस ग्रंथमाथि उनलाई 1948 को "साहित्य अकादेमीको हिन्दी पुरस्कार प्राप्त भएको थियो। राहुलजीले मध्यपूर्व र सुदूर पूर्वका अनेक देशहरुको यात्रा गरे। उनी जापान, कोरिया, मन्चूरिया र ईरान र चीन पनि गए। 1907 देखि लिएर 1963 मा उनको मृत्यु सम्म उनको जीवन सतत यात्रामय जीवन रह्यो। उनले आफनो यस यात्रामयतालाई दर्शन बनाएर एउटा पुस्तक पनि लेखे जसको नाँउ राखियो—'घुमक्कड़ शास्त्र'। उनले सायद नै कम वर्ष दाम्पत्य जीवन विताए होलान्। पहिले लेनिनग्राडमा छँदा उनले लोला (एलेना नर्मेरतोमना) नामक रुसी विदुषीसित बिहे गरे। यस पत्नीबाट एउटा पुत्र ईगोरको जन्म भयो! स्टालिनको राज्यमा न त माता नै पुत्र नै भारत आउन सके। तिनीहरुलाई अनुमति दिइएन। पछि, उनले एकजना भारतीय नेपाली महिला डा० कमला सांकृत्यायन (पूर्व नाम कमला परियार) संग विवाह गरेर आफनो वैवाहिक जीवनका कैयन वर्ष मसूरीमा विताए। तर, पुत्री जया र पुत्र जेताको जन्म भएपछि उनलाई पुनः श्रीलंकाको विद्यालंकार विश्वविद्यालय-मा बौद्ध दर्शनका प्रोफेसरको पदमा आमन्त्रित गरियो। त्यहा गएर उनी बिरामी परे। मधुमेह, उच्च रक्तचाप र हृदय-विकारले गर्दा उनको अति श्रान्त स्वास्थ्य-

माथि अत्यधिक प्रहार गर्‍यो औ जस्तो कि अघि नै उल्लेख गरिएको छ, जीवनका अन्तिम डेढ़ वर्षमा उनको स्मृति लुप्त भयो र दार्जीलिंगमा 1963 मा उनको मृत्यु भयो। जुन ठाँउमा उनको अन्मि संस्कार भयो त्यहाँ उनको स्मृतिमा एउटा' 'राहुल-स्तूप' को निर्माण गरिएको छ।

प्राइमरी स्कूलमा जब उनी उर्दू पढ़दै थिए, त्यसवेला नवाजिन्दा वाजिन्दा-द्वारा लिखित कथाकिताव 'खुदराईका नतीजा' मा उनले जुन शेर (कविता) आफ्नो वाल्यावस्थामा पढ़ेका थिए, त्यसले उनको कल्पनाशक्तिलाई प्रेरित गरिरह्यो। आफ्नो आत्मकथामा उनले यस शेरलाई धेरै पल्ट उद्धृत गरेका छन्। त्यो शेर यस प्रकार छ—

"सैर कर दुनिया की गाफिल जिन्दगानी फिर कहाँ ?
जिन्दगी गर कुछ रही तो नौजवानी फिर कहाँ ?"

[अर्थात्, हे मनुष्य, तिमी संसारको भ्रमण गर, किनकि यो जिन्दगानी फेरि कहाँ पाउछौ र ? यदि जिन्दगी कतै रही हाल्यो भने पनि यो जवानीको अवस्था फेरि कहाँ पाउने र ?]

यसरी उनको जीवनको आदर्श वाक्य वन्यो—एकै ठाँउ जमेर नबस, सदैव घुमिवस।" यो "चरैवेति चरैवेति" को मंत्रले राहुलजीको व्यक्तित्वलाई सदैव उत्साहित गरिरह्यो। उनी गृहस्थीको एकरसता र आत्मतुष्ट जीवनमा कहिल्यै परि बाँधिएर बस्न सकेनन्।' उनी सदैव गतिशील रहे, एक ठाँउदेखि अर्को ठाँउसम्म, मानवीय जिज्ञासाको एउटा क्षेत्रदेखि अर्को ज्ञान क्षेत्रसम्म हिंड़िरहे। उनी कहिल्यै पनि संग्रह गर्न वा एउटै स्थानमा निश्चल भएर बस्ने कुराका विरोधी थिए। उनको लागि ज्ञानको खोजी एउटा कहिल्यै नमेटिने खालको तृष्णा थियो।

सन् 1948 मा, इलाहाबादमा हिन्दी साहित्य भवनमा, यस पंक्तिका लेखकले जब राहुलजी संग मिलेर 16000 शब्द भएको एउटा शासनशब्दकोशको निर्माण गरिरहेको थियो, कसैले राहुलजीको हतारिने बानी र यसको परिणामस्वरुप कामको आधा अपूर्णताको आलोचना गरे। उक्त सज्जनको पूर्णता-उपदेशलाई धैर्यपूर्वक सुने र राहुलजी मुसुक्क हाँसे अनि विशेष भंगिमामा उनले उत्तर दिए—'बुद्धले भनेर गएका—"सब्बंम् खनिकम्' सवै थोक क्षणिक छ। कुनै पनि वस्तु स्थिर छैन। लेनिनले पनि भनेका छन्—कुनै पनि अन्तिम होइन। म मान्दछु कि कुनै पनि मनुष्य सम्पूर्ण छैन। मैले कुनै सत्यको एकाधिकार राखेको छैन। म आफनो काम गर्दछु। भावी पिँढ़ी आउने छ र त्यसले मेरो काम सुधार्ने छ। यी अविस्मरणीय शब्दहरुद्वारा राहुलजीले सदैव आफ्ना सीमाहरुप्रति ध्यान राख्द-थिए—भन्ने कुरोको सम्झना गराउँछ।

# 2

# जीवनी

राहुलजीको न्वारणको नाँउ थियो केदारनाथ पाण्डे र जन्मदिन 9 अप्रैल, 1893 ई० । उनका पिता गोवर्धन पाण्डे धार्मिक विचार भएका एकजना सामान्य कृषक थिए। माता कुलवन्ती देवी आफ्नै आमा-बाबुसंग आजमगढ़ जिल्लाको पन्दहा नामक गाँउमा बस्थिन्। त्यहीं केदारको जन्म भयो। आमा 28 वर्षको आयुमा र बाबु 45 वर्षको आयुमा परलोक भए। यसकारण बालक केदारको पालन-पोषण आफ्नी स्नेहमयी आनै (आमाकी आमा) ले गरिन्। 1897 सालको डरलाग्दो अनिकालको स्मृतिहरु उनको बाल्यकालका सवैभन्दा पहिला स्मृतिहरु थिए।

सन् 1898 सालभा उनलाई एउटा मदरसा (उर्दू पाठशाला) मा भर्ना गरियो जहाँ उनको प्राथमिक शिक्षा उर्दू वर्णमालाको परिचयबाट आरम्भ भयो। उनी लेख्छन्—'खेलकूदमा उनी त्यति फुर्तिला थिएनन्। पाठशालामा उनका संगी-साथीहरु सवै सैयद शिया मुस्लिमहरु थिए। रानीकी सराय गाँउको लोअर प्राईमरी स्कूलमा विद्यार्थीहरुलाई साह्रै नराम्रो पाराले कुटने एकजना मास्टर पत्तरसिंहको उनलाई पछिसम्म सम्झना रहिरह्यो। राहुलजीले आफ्नो आत्माकथाको पहिलो खण्डमा, परिशिष्ट नं० 2 मा, पचास पृष्ठसम्म वैदिककालदेखि आफ्ना गोत्र ओ वंशावलीको क्रमशः वृत्तान्त दिएका छन्, जुन उनका विचित्र मातामह रामशरण पाठकसम्म आएर समाप्त हुन्छ। उनले आफ्ना पितावारे पनि अलिक परिहास गर्दै लेखेका छन्—"जव आफ्नो डुलुवा छोरालाई घरमा फर्काएर ल्याउने घरि-घरिको प्रयासमा उनी असफल भए।" राहुलजीको वाल्यकालमा नै उनकी माता र एकमात्र बहिनीको देहान्त भयो। राहुलजीको विहे बाल्यवास्थाको सानो उमेरमा नै भएको थियो, तर उनले आफ्नी यस प्रथमा पत्नीसंग कहिल्यै सम्बन्ध राखेनन्। यिनी जव नौ-दस वर्षका थिए घरबाट भागेर बनारस आए। चौध वर्षको उमेरमा कलकत्तातिए भागे। उनको आत्मकथावाट उनले यसरी घर छोड्दै भाग्ने कारण स्पष्ट हुंदैन। उनी लेख्दछन् कि सम्पूर्ण दुनियाको भ्रमण गर्नु र अधिकाधिक ज्ञान

प्राप्त गर्नु नै यसको मुख्य उद्देश्य र प्रेराण थियो। तर कलकत्ता जस्तो महानगरमा निकै ठोक्कर खाएपछि सातो हराएको जस्तो अनुभव गर्दै राहुलजी सोलह वर्षको आयुमा जव 1909 मा आफनो गाँउ फर्केर आए। त्यसबेला उनले हिम्मत हारेनन्। उनी पुनः कलकत्ता आए औ एउटा तमाखूको दोकानमा कारिन्दा भए। त्यहाँ कसैले उनलाई मातलाग्ने मिठाई खुवाइदियो र उनी मूर्च्छा परेर त्यहाँवाट उनलाई मेडिकल कलेज अस्पतालमा भर्ना गर्न पर्‍यो।

सन् 1810 मा तरुण राहुललाई (श्रमणवृत्ति) ले आकर्षित गर्‍यो र जीवनमा सफलता ल्याउने व्यवस्थित डिग्रीहरु र नोकरी प्राप्त गरेर दुनियादारी वनिने संकल्प उनले त्यागिदिए। घुमक्कड़ी गर्ने र साधु हुने इच्छाले उनलाई व्याकुल बनाइदियो। उनी अन्तर्मुखी थिए, संवेदनशील दिए। उनको पहिलो इच्छा थियो-मूल संस्कृतमा वेदान्तको अध्ययन गर्ने। यसपाला जव उनी घर छोड़ेर साधुहरुको टोलीमा सामेल भए, उनको मनमा कुनै प्रकारको काम गरेर कमाइ गर्ने औ गृहस्थी चलाएर जीवनका असल वस्तुहरुको उपभोग गर्ने कुनै इच्छा थिएन। उनको आत्मामा विरक्ति र जीवन-जगत्प्रति निर्मोह पूर्णरूपले छाएको थियो। उनीकहाँ सांसारिक वस्तुहरु कम थिए, तर उनका आकांक्षाहरु अधिक आध्यात्मिक भइसकेका थिए। तर पछि साधुहरुको संगतिमा रहेको हुना, तिनीहरुको जीवनको निकट सम्पर्कमा आएको हुनाले उनी रूढ़िवादिता र अन्धश्रद्धाका कटु आलोचक भए। उनी अन्तमा पूर्ण नास्तिक र कट्टर भौतिकवादी पनि भए। तर तस विश्वाससम्म आइपुग्ने उनको दार्शनिक यात्रा निकै लामो र कष्टदायक थियो।

आरम्भमा उनले भोजन पकाउन जानेका थिएनन र यसो हुँदा उनले भिक्षामाथि नै निर्भर गर्न पर्‍यो। पैदल हिंड़ेर उनी अयोध्या र मुरादाबाद आइपुगे। हरिद्वारसम्म विना टिकट नै यात्रा गरे। हिमालयप्रति उनको मनमा प्रबल आकर्षण थियो। हरिद्वार पुगेर उनले आफनो पाठशालाका सहपाठी यागेशलाई एक प्रकारको गुप्त भाषामा गद्यकाव्य जस्तै एउटा पोस्टकार्ड लेखिपठाए। यसपछि उनी ऋषिकेश र देवप्रयाग गए औ कठिन पर्वतीय मार्गवाट हुँदै वद्रीनाथ-केदारनाथ जमनोत्री र गंगोत्रीसम्म गए। उनले घुमक्कड़ साधुहरुसंग गाँजाको चिलिम पनि फुके। तर उनी कहिल्यै पनि कुनै व्यसनको दास भएनन्। यिनै राहुलजीले, जसले आफनो 'वैज्ञानिक भौतिकवाद' नामक पुस्तकमा महात्मा गाँधीलाई 'पूंजीपतिहरु एजेन्ट' र "गांधी तेरा वेटा जीवे" आदि कटु शब्दहरु लेखेका थिए, 30 जनवरी 1948 को दिन (गांधीजीको निधनमा) प्रतिज्ञा गरे—अव उनले सिगरेट छुने छैनन् र उनले यस प्रतिज्ञालाई अन्तसम्म पालन गरे। उनलाई मांसाहार मनपर्‍यो, तर उनले शरावको एक थोपा पनि कहिल्यै सेवन गरेनन्। उनी विलक्षण र दृढ़ संकल्पशक्ति भयका व्यक्ति किए।

सत्र वर्षको आयुमा गरेको हिमालको पहिलो यात्राको उनको मनमा गहिरो

प्रभाव पर्‍यो उनको आत्मालाई मानों कसैले आफनो जादूले खींचेर हिमालय-पारिको वर्जित प्रदेशमा जाने प्रेरणा दियो । उनी फर्केर वनारस आइपुगे जहाँ उनी चक्रपाणि ब्रह्मचारीको मठमा बस्न थाले। अक्टूवर 1910 मा परम्परागत ढंगले उनले संस्कृत लघुकौमुदी पढ़न प्रारम्भ गरे । एक पल्ट उनी पैदल नै वनारस देखि चुनार, मिर्जापुर, र इलाहावाद गए। वनारसमा वसेर नै उनले कतिपय काव्य-इतिहास, व्याकरण, आयुर्वेद, ज्योतिष आदि अनेक विपय हरुवारे लेखिएका संस्कृतका ग्रन्थहरुको अध्ययन गरे । कैयन् प्रकारका कठिन सिद्धिहरुप्राप्त गर्नको लागि तप-जप र अन्य उपायहरुद्वारा कति देवी-देवताहरुको आशीर्वाद प्राप्न गर्नें पनि उनले प्रयत्न गरे ।

उन्नाइस वर्षको आयुमा, जव उनले एकजना ठूला संस्कृत विद्वान् पण्डित रामावतार शर्माको भाषण सुने, त्यसै क्षणदेखि उनको हृदयमा पहिलो बुद्धिवादी अन्वेषणको इच्छा जाग्यो । पण्डित शर्माले न त वेदहरुमा विश्वास गर्थे, न ईश्वरमा नै । सातौं कक्षामा दयानन्द स्कूलमा राहुलजीलाई भर्ना गरियो, जहाँ उनले अंग्रेजी र गणित पढ़न प्रारम्भ गरे । तर यस प्रकारको स्कूल-कलेजको नियमित शिक्षा उनको भाग्यमा थिएन । परसा मठ (विहार) मा गएर राहुलजी विधिवत् साधु भए र उनको नाँउ वदलिएर 'रामउदारदास' राखियो । यहाँ मन्दिरका देवताहरुका यान्त्रिक पूजा र विधि-विधानको मंत्र-तंत्र को दैनिक नियमित पुनरावृत्तिले भरिएको आरामी जीवनदेखि उनी वाक्क भए। यद्यपि उनले इच्छा गरेको भए परसामठको गद्दी उनले प्राप्त गर्न सकने थिए र उनी सहजै मठाधीश (महन्त) हुने थिए । यस महंती जीवनबाट जुन फुर्सद को समय पांउँथे, त्यसमा उनले नियमित रुपले मासिक पत्रिका 'सरस्वती, औ 'डॉन, पढ़न शुरु गरे । संस्कृत र हिन्दीका उनले केही पुस्तकहरु पनि किने ।

परसामाठमा अब अगाड़िको पढ़ाईको कुनै व्यवस्था थिएन, यसकारण राहुल जी केही महिनाको निम्ति आफनो गाँउ कनैलामा फर्केर आए । तर उनको मनमा आफुलाई शिक्षित बनाउने आकाक्षा प्रवल थियो । दुःखको कुरो कि गाँउमा यस्तो किसिमको शिक्षाको कुनै अवसर अथवा सुविस्ता थिएन। बीस वर्षको उमेरमा राहुलजी फर्केर फेरि परसामठ आइपुगे । कतिपय वोलीहरु र भाषाहरुमा तथा सांस्कृतिक नृतत्व-विज्ञानमा रुचि राख्नु उनको व्यसन भइसकेको थियो । भोजपुरी र काशिका (वनारसको हिन्दी बोली) मा मल्ली भाषाका अलग-अलग उच्चारण पद्धतिहरुको उल्लेख उनले गर्छन । भिन्न-भिन्न जातिहरुका स्त्रीहरुको रीति-रिवाज हुन्छन्, यसको पनि उनी व्यौरा दिन्छन् ।

जुलाई 1913 मा, राहुलजी परसामठामा वौद्धिक दृष्टिले असन्तुष्ट रहनाले रेलद्वारा हाजीपुर गए । त्यसपछि विना टिकट यात्रा गर्दै उनी आसनसोल, आएर खड़गपुर हुँदै पुरी (उड़ीसा) आइपुगे। यस तीर्थस्थानको यात्रा गरेपछि उनी मद्रास

पुगे । त्यहाँ साधुको नाताले उनी 'सत्रम', वा धर्मशालामा डेरा गरेर बसे । त्यहाँ उनले तमिल भाषा सिक्न थाले । यहाँबाट उनी पुन्नमलै, पच्छपेरुमाल, तिरुमिशी र तिन्नमूर पनि गए । साधुको रुपमा उनले दक्षिण भारतका जम्मै तीर्थस्थानहरुको भ्रमण गरे । उनी तिरुपति, तिरुकलिकुडुम, कांचीपुरम् अनि रामेश्वरम् पनि गए ।

आफनो आत्मकथामा उनी विस्तारसित रामानाड, बंगलौर, विजयनगर, बगलकोट, पंढरपुर, पुणे, बम्बई, नासिक, त्रियम्बक कपिलधारा, ओंकार-मान्धाता र उज्जैनका आफ्ना यात्राहरुको विवरण दिन्छन्। उज्जैनमा उनले कुम्भमेला देखे र साधुहरुमांझको झगड़ाले उनी साहै दिक्क भए । त्यहाँबाट उनी डाकोर, अहमदावाद गएर 1914मा पुनः परसामठ फर्की आए। मठको प्रशासन र सम्पत्तिका जम्मै कागजपतहरुको हेरचाह गर्नेतिर उनको मन पटक्कै लाग्दैनथ्यो । एस० गांगुली र पिण्डीदास नामक दुईजना पुरातत्व विभागका भारत सरकारका उच्च अधिकारीहरु तिन्ताक मठमा आए । राहुलजी फोटो ग्राफी प्रति पनि निकै आकर्षित भए । पछि-पछि तयो उनको एउटा विशेष शोक(हबी) नै बन्न गयो। मठको जिन्दगी उनलाई वड़ो निस्सासिने किसिमको लाग्दथ्यो । यसकारण उनी एकदिन चुपचाप मठ छोड़ेर अयोध्या तिर हिंड़े। त्यहाँ उनी आर्यसमाजी प्रचारकहरुको प्रभावमा आए र उनले एउटा व्याख्यान र वाद-विवाद-सभा आरम्भ गरे। अयोध्या र फैजाबादको बीचमा एक देवीकाली मन्दिरमा वलि चढ़ाउने एकजना ब्रह्मचारीको विरोधमा राहुलजीले एउटा सभा संगठित गरे । यसो हुँदा उनी-माथि सनातनी पुरोहितहरुले आक्रमण गरे । पुलिसलाई शिकायत गरियो । तर अब राहुलजी आर्यसमाजी, मूर्तिपूजा विरोधी र नास्तिकको रुपमा प्रसिद्ध वा बदनाम भइसकेका थिए ।

सन् 1914 देखि 1922 सम्म राहुलजी आफनो जीवनलाई नयाँ प्रकाशको कालखण्ड परिभाषित गर्दछन्। मातामः (आमाका पिता) को मृत्यु भइसकेको थियो। और पितालाई अझै पनि यही विश्वास थियो कि उनी (राहुलजी) एक जना असल गृहस्थ बन्नेछन् र व्यवस्थित स्थायी दाम्पत्यजीवन व्यतीत गर्ने छन्। तर राहुलजी त विद्रोही थिए । उनी जानी-जानीकन राजपूत र मुस्लिम घरहरुमा गएर सामिष भोजन गर्थे। उनले आर्यसमाज सम्बन्धी कैयन् पुस्तकहरु पढ़े। जनवरी 1914 मा उनी आगरा आइपुगे औ आर्यमुसाफिर विद्यालयमा भर्ना भए।दुई वर्षसम्म उनले त्यहाँ संस्कृत, अरवी एवं कतिपय धर्महरुका धर्मशास्त्रहरु तथा राष्ट्रीय इतिहासको अध्ययन गरे । यस अनुशासनपूर्ण जीवनले उनको मनमा सरल जीवनप्रति प्रेम उत्पन्न गराइदियो। साथै एक प्रकारको राष्ट्रीय चेतना पनि जगाइदियो जुन अनेक प्रकारका समाचार-पत्रहरु पढनाले पैदा भएको थियो। 1915 मा आगराबाट प्रकाशित 'मुसाफिर' पत्रिकामा केदारनाथ विद्यार्थीले लेखहरु लेख्न थाले । मेरठबाट छापिने 'भास्कर' पत्रिकामा राहुलजीले आफ्नो

पहिलो लामो हिन्दी लेख प्रकाशित गराए। यो लेख ती पाखण्डी साधुहरुको विरुद्धमा थियो जसले गृहस्थहरुलाई ठगिहिँड्थे।

यसपछि राहुलजीले गम्भीर रुपले अध्ययन गर्न आरम्भ गरे। सनातन हिन्दू धर्मको विरुद्ध मा आर्यसमाजीहरुका पुस्तकहरु, ईसाई मिशनरीहरुका पुस्तकहरु, जसमा इस्लाम धर्मको आलोचना थियो, खण्डन-मण्डनात्मक तार्किक शास्त्रार्थ भएका ग्रन्थहरु, मौलवी सनाउल्लाहको 'अहले हदीस' र अरु धेरै कादियानी पत्रिकाहरु उनका पहिलो वाचन-विषय थिए। वैष्णव धर्मदेखि उदासी वैरागी पन्थ र त्यस साधुसमाज देखि आर्यसमाज, जसमा जातिभेदबारे आलोचना थियो, उनको बुद्धिवादको दिशामा प्रगतिशील मानसिक यात्रा थियो। 1915 मा जवलपुरमा एउटा सार्वजनिक शास्त्रार्थ मौलवी र आर्यसमाजी पण्डितहरुमाझ भएको थियो जसमा दुई दिनसम्म धर्मशास्त्रहरुवाट उद्धरणहरु दिइदिइकन तर्क चलिरस्यो-यस सम्वन्धमा राहुलजीले लेखेका छन्। पछि कुरानलाई देवनागरी लिपिमा लेख्नु र त्यसको हिन्दी अनुवाद गर्नेकाम राहुलजीलाई दिइयो। तर यसकामको निम्ति जति परिश्रमिक दिइन्थ्यो त्यो साह्रै कम्ती थियो। यसै कारण उनले त्यो काम छोड़िदिए। जव उनी आगरामा विद्यार्थी थिए, त्यसै समयमा 'कोमागाटामारु' को प्रसिद्ध घटना हुनगयो। जसमा वहादुर सिक्खहरु अंग्रेजी साम्राज्यवादको विरुद्धमा लंड़ाई गर्दै शहीद भएका थिए, र भारतका तरुण क्रान्तिकारीहरुको मनलाई यस प्रकारको घटनाले आन्दोलित गरिरहेको थियो।

सन् 1916 मा राहुलजीले संस्कृत अध्ययनलाई अगाड़ि वढ़ाउने निश्चय गरे र उनी यसै उद्देश्यले लाहौर गए। पंजावी भाषा र वहाँका स्त्रीहरुसंग उनको पहिलो सामना वड़ो मनोरंजक थियो। कोटामा एउटी पंजावी तरुणीसंग भेट हुँदा उनलाई गाथा-सप्तशतीको सम्झना आयो। उनी दिल्ली तथा हरियाणा हुँदै लाहौर आइपुगे। लाहौर त्यस जमानामा आर्यसमाजी आन्दोलनको गढ़ी थियो। उनलाई स्वतंत्र चिन्तन ले पनि आकृष्ट गर्‍यो र उनले मठवासी स धुहरुको संगति छोड़िदिए। अब उनलाई आर्यसमाज पनि अनेक दृष्टिले सिद्धान्तबद्ध र एउटा बन्द गल्ली जस्तो लाग्न थाल्यो। उनी इटावा, कानपुर, लखनऊका धेरै आर्यसमाज कार्यालयहरुमा गए, तरयी आर्यमुसाफिरलाई कसैले पिनि स्वीकार गरेनन्। रायवरेलीमा उनले हिन्दी भाषा र साहित्य विषयमा सहजस्फूर्त (धाराप्रवाह) भाषण दिए, बनारसमा पनि व्याख्यान दिए। अहरौरा नामक स्थानमा राहुलजीको आफ्ना पितासंग जम्काभेट भयो। पिताजीले छोरालाई भन्न थाले- अब घर जाऊँ, फेरि आफ्नो खेती र गाँउतर्फ जाउँ। तर राहुलीले जुन जिन्दगीलाई एक पल्ट त्यागिदिए त्यसलाई फेरि स्वीकार गर्न चाहेनन्। तिन्ताक उनी आफनो पत्रव्यवहार संस्कृत भाषामा नै गर्ने गर्थे। यहाँ सम्म कि 1922 मा 13 फर्वरी देखि 9 अगस्त सम्म बक्सर झेलमा लेखिएको उनको डायरी पनि संस्कृतमा नै छ। कहीं-कहीं उनले

संस्कृत, अरवी, उर्दू र हिन्दीमा पद्यरचना पनि गरेका छन्। अहरौरावाट उनले फेरि भागने चेष्टा गरे। उनका शोक संतप्त पिता वनारससम्म आए र छोराको मन फर्काउने उनले अनेक प्रयत्न गरे, तर उनलाई सफलता प्राप्त भएन। पिता पुत्रको यही नै अन्तिम भेट थियो। अव कैयन् वर्षसम्म राहुलजीको कुनै घर थिएन कुनै डेरा थिएन। उनले निश्चय गरे कि आफनो जन्म-जनपद आजमगढ़मा उनी पचास वर्ष को आयु पुग्नभन्दा पहिले फर्केर जाने छैनन् र आफनो यस निश्चयमा उनी दृढ़ नै वसे।

सन् 1918 मा उर्दू, अंग्रेजी समाचारपत्रहरुमा राहुलजीले रुसी राज्यक्रान्तिका समाचारहरु पढ़े। उनले एउटा आदर्श साम्यवादी समाजको 'यूटोपिया' जस्तो सपना देख्न थाले। 1922 ई० मा संस्कृतमा उनले यसको एउटा प्रारुप पनि तयारी गरे। 1923-24 मा हजारीवाग झेलमा वन्दी भएको वेला उनले आफ्नो राजनैतिक आदर्शवादी सपनालाई आकार दिँदै '**बाईसवीं सदी**' नामक पुस्तक लेखे। अप्रेल-मई 1919 ई० मा लाहौरमा फौजी शासनको आतंक देखेर राहुलजीको पहिलो राजनैतिक अनुभव शुरु भयो। यहाँ उनको निम्ति नया चुनौती देखियो जसको सामना गर्नलाई उनको संस्कृत शास्त्रको ज्ञान चाहे त्यो मठको होस् वा आर्यसमाज-भवनहरुको होस्, उपयोगी थिएन। ब्रिटिश शासनको विरुद्धमा 'ओडायरशाही' का काला दिनहरुले जनतामा एउटा नयाँ घृणाको ज्वाला फैलाइदियो। राहुलजी लेख्छन्—"कतिपय भारतीयहरुको अनुहारको मुकुण्डा खुलिदै गइरहेथ्यो।" त्यस ताक राहुलजी संस्कृतको शास्त्री परीक्षामा उत्तीर्ण हुन सकेनन्। कलकत्ताको मीमांसा परीक्षामा उनी प्रथम श्रेणीमा उत्तीर्ण भए। यो परीक्षा उनले जवलपुरवाट दिएका थिए।

राहुलजीलाई घुमक्कड़ीको रोगले फेरि सताउन थाल्यो। 1920 मा जव उनी 27 वर्षका दिए, टिकटबिना नै करवी नामक स्थानवाट रेलमा चढ़ेर वनारस आइपुगे औ त्यहाँ उनी बिरामी परे। त्यहाँवाट उनी पहिलो पल्ट सारनाथ गए। त्यसपछि गोरखपुरमा वास गर्दै कसिया (कुसीनार) गए औ बुद्धको परिनिर्वाण भएको स्थानको दर्शन गरे। आफ्नो आत्मकथामा उनले यी वौद्ध स्थानहरुको वर्णन अत्यन्त काव्यमयी भाषामा गरेका छन्। गोरखपुरवाट उनी नेपाल गए, त्यहाँ उनले लुम्बिनी र कपिलवस्तु तीर्थको यात्रा गरे। त्यस वेला निगलिहराको तलाउको छेउमा भत्किएको अशोककालीन शिलालेखले उनलाई निकै आकर्षित गर्‍यो। उनको भोट देश जाने पनि अदम्य इच्छा थियो, र एकजना नेपाली महन्तले उनलाई आफनो मठको उत्तराधिकारी वनाउन तयार थिए, तर यस प्रलोभनमा उनी फँसेनन्। उनी व्यंग्यात्मक भाषामा यी मठाधीशरुको गांजा-सेवन गर्ने स्वैरिणी योगिनीहरुसंग सम्वन्धको उल्लेख गर्दछन।

राहलजीको जीवनयात्राको सवैभन्दा मनोरंजक, भयानक र साहसपूर्ण अंश

उनका चार पल्टको तिव्वत यात्राहरुको वर्णन गर्नभन्दा अधि उनको राजनीतिक विचार यात्राको वर्णन यहाँ संक्षेपमा दिइन्छ। उनी यसलाई 'राजनीतिमा प्रवेश" (1921-20) भन्दछन्। 1921 मा उनी असहयोग आन्दोलनमा, खण्डवा स्थानमा दिइएको पहिलो राजनैतिक भाषणको सम्झना गर्दछन्। सलेमपुर जोगिया वस्त्र लगाएर साधु झैं जिल्ला कंग्रेस कमिटीको कार्यालयमा गए औ परसावाट नै काम आरम्भ गर्ने कुरा उनले गरे। उनी परिहास गर्दै लेख्छन्—'जव उनका अंधविश्वासी चेलाहरुले तथाकथित गुरुहरुका सामु वलिका कुखुरा-वाख्रा, गाँजा र शरावको सेवन गर्न छाड़ेनन्, तव एक दिन राहुलजीले यस्तो अभिनय गरे कि उनीमित्र गांधीनामक एउट नयाँ देवता जाग्रत भएको छ र उनी कराए— "अव जम्मै देवताहरु गांधीवावाका साथमा छन्। जस-जसले वलिपशु, मढ र गांजा चढ़ाउछ उ नष्ट हुने छ, म त्यसलाई सराप दिदछु। यसको वड़ो राम्रो परिणाम हुन गयो।" राहुलजी साधु थिए र उनी छपरामा वाढ़ी-पीढितहरु र दीन-दुःखीहरुको सेवामा लागे। तिन्ताक समाजसेवा र राष्ट्रीय आन्दोलन दुईवाट भिक्षाभिन्दै कार्यक्षेत्र थिएन। विहारको एकमा नामक स्थानमा गांधी स्कूलको केन्द्रवाट उनले मानिसहरुलाई चरखा वितरण गरे। विदेशी राजको विरुद्धमा असंतोष फैल्याउने कतिपय भाषणहरु उनले भोजपुरी भाषामा दिए। 1822 मा, 31 जनवरीको दिन उनी पक्राउ परे। झेलमा कतैवाट सुटुक्क पाराले ट्रोत्स्कीको पुस्तक 'वोलशेविज्म र विश्वक्रान्ति' उनको हातमा परयो। तव उनले संस्कृतमा एउटा भजन रचे र आफना झेलका संगीहरुलाई यो जोड़जोड़सित कराएर लयमा सुनाउथे— "शृणु शृणु हे—पांथ, अहमिवे नह्येकाकी" (सुन सुन हे पथिक, म एकलो छुइन)।

आफनो राजनीतिक अपराध स्वीकार गरेपछि राहुलजीलाई छः महिनाको कारावासको दण्ड दिइयो। उनले भने—धन्यवाद। उनको हाँतमा फलामको हातकड़ी लगाइयो। उनी लेख्छन्—"जव मेरा वाजेहरुले चादीको कंगन यी मेरा नाडीहरुमा लगाइदिएका थिए, तव ती यो हथकड़ी जस्तै थिए, फरक यतिमात्र थियो कि जव यी हातहरु वेड़ीले वाधिँछन् तव काम त्यति राम्रो पाराले हुँदैन। वक्सर झेलमा उनले छः महिना विताए। त्यहाँ उनले व्रजभाषामा समस्यापूर्ति पनि गरे।—'फाइल र 'कोलो' शव्द माथि। भारतेन्दु हरिश्चन्द्रको नाटक 'अन्धेर नगरीं' उनले झेलमा नै खेले। झेलमा वसेर नै उनले कुरानको संस्कृतमा अनुवाद गर्न शुरू गरे। झेलमा साथीहरुलाई उनले उपनिषद् र वेदान्त पढ़ाउन शुरु गरे। झेलमित्रको समाचार सुटुक्क वाहिर पठाइन्थ्यों जुन चांहि मजरुल हकको 'मदरल्याण्ड' मा छापिन्थ्यो।

सन् 1822 को 29 अक्टूवरको दिन राहुलजीलाई जिल्ला कंग्रेसको सचिव निर्वाचित भरियो। कंग्रेसको गया—अधिवेशनमा राजाजी राजगोपालाचारीलाई 'डिप्टी महात्मा' भनियो किनकि उनको दल दृढ़ अपरिवर्तनवादी थियो। अर्का

दलका नेता थिए स्वराज्य पार्टीका नेता मोतीलाल नेहरु, विट्ठलभाई पटेल र देशवन्धु चित्तरंजरदास। तर राहुलजी विस्तारै-विस्तारै साम्यवादको क्रान्तिकारी विचारधारातिर ढल्किँदै गइरहेका थिए। उनी पूर्णतः धर्मनिरपेक्ष भए र त्यसपछि नास्तिक पनि। गया-कंग्रेसमा राहुलजीले राष्ट्रीय नेतहरुसंग अपील गरे कि बुद्ध-गयाको हिन्दू मन्दिर बौद्धहरुलाई दिया जाओस्। 1823 को मार्च-अप्रेलमा राहुल-जीले डेढ़ महिना नेपालमा विताए। मात्र शिवरात्रीको पशुपतिनाथको दर्शनार्थ हिन्दूहरुलाई तिन्ताक नेपालमित्र जान दिइथ्यो। त्यहाँ उनले अनेक बौद्ध विद्वान-हरु, भिक्षुहरु, मंगोल र चिनियाँ लामाहरु संग भेटघाट गरे।

नेपालबाट फर्केर आउने वित्तिकै राहुलजीलाई फेरि भारतमा पक्राउ गर्‍यो र विहारको बांकीपुर झेलमा एकलो कैदीकी कोठामा पठाइदियो। त्यहाँवाट उनलाई हजारीवाग सेन्ट्रल झेलमा स्थानान्तरित गरियो जहाँ उनलाई दुइ वर्षसम्म फलामको ढोकाको पछाड़ि राखियो। उनको संगमा सिंहली लिपिमा लेखिएको एउटा पालिभाषाको ग्रन्थ "मज्झिम निकाय" थियो जसलाई उनी प्रतिदिन पढ़ने गर्थे। त्यस नित्य पाठको पुस्तक पुलिसबाट प्राप्त गर्नलाई उनले दुइ दिन भोक-हड़ताल गर्न पर्‍यो। त्यस ताक कैदीहरुलाई कुनै कागज पेन्सिल कलम साथमा राख्न मनाही थियो। तर राहुलजीले कुनै न कुनै प्रकारले एउटा स्लेट पटिया प्राप्त गरे त्यस झेलमा केरलका एकजना शकराचार्य थिए, उनको मददले उनले आफ्नो ज्योतिष, गणित, बीजगणित, रेखागणित र आप्टिक्स (Optiks) को ज्ञान फेरि परिशोधित गरे। दयालु एंग्लो इंडियन जेलर ले उनलाई अंग्रेजीमा लेखिएका बाल-पुस्तकहरु पढ़न पठाइ दिए। राहुलजीले ठूला-ठूला आकाशीय मान-चित्र वनाउन शुरू गरे। चारवटा अंग्रेजी उपन्यासहरुको (मुख्यतः रहस्य र साहस-कथाहरु) लाई उनले हिन्दीमा अनुवादित गरे। यस कालखण्डमा उनले पुस्तक-हरुको सहायतासे फ्रेंच र अवेस्ती भाषाहरुको ज्ञान प्राप्त गरे।

मेरठमा 1926 मा उनको हरनामदास—पछिका ब्रह्मचारी विश्वनाथ र अहिलेका भिक्षु आनन्द कौसल्यायफ संग भेट भयो र यी दुवैजना आजीवन घनिष्ट मित्र रहे। त्यसपछि राहुलजी काश्मीर गए र कारगिलवाट लद्दाख आइपुगे। यहाँ हेमिसका लामा स्ताकसांग-रस-पा संग उनको भेट भयो। कालपीमा उनले सम्मो-हिनी विद्या (हिप्नोटिज्म) पनि केही, मात्रामा सिके, केही लामाहरुमाथि उनले यसको प्रयोग पनि गरे मुख्यतः आत्मसूचना द्वारा। उनी त्यहाँबाट 18 हजार फुट अग्लो सारदोंगला (खारदोङ् पर्वत) सम्म पुगे र त्यहाँ 60 वर्षीय रिझोङ् लामासित भेट गरे। उनी न्यूब्रावाट लेह पनि गए। मान-पाङ्-गोङ् सरोवर हुँदै चुमूर्ति, किन्नौर र शिमलाको वाटो हुँदै उनी फर्के। 1926 देखि त्यस मार्गबाट तिब्बतको सीमानामा राहुलजीको साहसपूर्ण यात्राहरु भए, जुन चाँहि घुमन्तू मानिसले मात्र गर्न सक्छन्। यस यात्रामा राहुलजीले एउटा तिब्बती कुकुरको मृत्युको बड़ो भावपूर्ण

वर्णन दिन्छन् जसको नाम सेङ्टुक थियो—मेरा आँखाहरु जुन आफना प्रिय माता-पिता र स्नेहमय वाजे र वोज्यूको मृत्यु हुँदा पनि रसाएका थिएनन्, त्यस कुकुरको मृत्युले गर्दा आँसुले भरिए। मैले त्यस कुकुरको शोकमा संस्कृतमा आठ श्लोकको शोकांजलि रचें, प्रत्येक श्लोकको अन्तिम पंक्ति थियो—सेंग टुके, त्वत्प्रयाणे।

पश्चिम तिव्वतको यस पहिलो झलक पछि राहुलजी हिमाचल प्रदेशको वुशहर रियासत, सुमनम, कन्नम चिनी र स्पिती तहसील हुँदै घुमेर फर्के। कोटाद्वारमा उनको मिस्टर स्टोक नामक एकजना मानिससंग भेट भयो जसको आइफलको ठूलो वंधैचा थियो। त्यहाँ वाट उनी शिमला आइपगे। कृषकहरुको ठूला-ठूला सभाहरुमा, छपरामा, राजेन्द्रप्रसादका संग-संगमा उनले भाषणहरु दिए। 1926 मा गौहाटी-कंग्रेसमा उनी सामेल भए। फरीदपुर (वर्तमान वांगला देश) मा उनले मजरुल हकसंग भेट गरे औ उनको एकदम ठूलो आध्यात्मिक पुस्तकहरुको पुस्तकालय पनि हेरे। 30 मार्च 1927मा उनले अन्तिम पटक परसा (पुरानो मठ) हेरे र उनले प्रतिज्ञा गरे—जव सम्म जमीन्दारी प्रथाको अन्त हुँदैन, तव सम्म उनी त्यहाँ फर्केर आउने छैनन्।

कलकत्ताको महाबोधि सोसाइटीले उनको सहायता गर्‍यो र उनी श्रीलंका विद्यालंकार परिवेण (कलेज) मा भर्ना भए। 16 मई 1927 देखि 1 दिसम्बर 1928 सम्म 19 महिनाको समयमा उनले त्यहाँ वसेर वौद्ध ग्रन्थहरुको अध्ययन गरिरहे। त्यहाँ भारतीय सांस्कृतिक इतिहासको ज्ञान पनि उनले वढ़ाए। हजारीवाग झेलमा वसेर उनले व्राह्मी लिपिको अध्ययन गरेका थिए "एपिग्राफिका-इण्डिका' का पुराना अंकहरु उनले पढ़ेका थिए। श्रीलंकामा पालि-टेक्स्ट-सोसाइटी का प्रकाशित पत्रिकाहरु र रोयल एशियाटिक सोसायटी का लण्डन, वम्वई, वंगाल र श्रीलंका शाखाहरुद्वारा प्रकाशित पत्रिकाहरु उनको स्वाध्यायका विषय थिए। प्रारम्भमा उनले आफनो व्राह्मण-संस्कारमा भएको ईश्वर-विश्वासको वौद्धमतसंग समन्वय गर्ने प्रयत्न गरे। तर यो सहअस्तित्व धेरै समयसम्म टिक्न सकेन। सर डी-भी० जयतिलकले उनलाई आवश्यक परेका पुस्तक पठाइदिए। दिसम्वर 1927 मा मद्रासमा भएको भारतीय राष्ट्रीय कंग्रेसको अधिवेशन पछि राजेन्द्रप्रसादजी श्रीलंका गए, जहाँ राहुलजी उनका पथप्रदर्शक थिए। लेखकको रुपमा राहुलजीको कार्य-जीवन यहाँवाट शुरु हुँदछ। इलाहावादवाट प्रकाशित हुने 'सरस्वती' मासिक पत्रिकामा श्रीलंकाको वारेमा उनले लेखन आरम्भ गरे। परिवेणमा उनी संस्कृतका अध्यापक थिए। यहाँ रहेर उनले सिंहली र फ्रेंच भाषा राम्ररी सिकिसकेका थिए। त्यस पछि तिव्वत जाने प्रवल इच्छा लिएर उनी भारत फर्किआए।

राहुलजी चार पल्ट तिव्वत गए 1929, 1934, 1936, र 1938 मा। जव वख्तियार खिलजीले नालान्दा र विक्रमशिला विद्यापीठमाथि आफना आक्रमणकारी सेनाहरुसहित आक्रमण गर्‍यो, त्यसवेला यी विद्यापीठका भिक्षुहरु

हस्तलिखित तालपत्रका ग्रन्थहरु लिएर आफ्नो ज्यान बचाउने उद्देश्यले कोही नेपाल कोही आसाम र कोही तिव्वत तिर भागे। जव कैयन् ग्रन्थालयहरु र मठहरु नष्ट गरिए वा जलाएर भस्म गरिए, भारतीय मूर्ति-विज्ञान, जुन मूर्तिहरु र भित्तिचित्रहरुमा वाँचेको थियो, 'यी केही तालपत्रका सचित्र ग्रन्थहरु र पवित्र धर्मग्रन्थहरुका काठका पुस्तकमाथि आँकित रेखाचित्रहरुको रुपमा तिव्वत पुगे त्यो कला रेशमी चित्रपट (थंकाहरु) को नयाँ माध्यममा हस्तान्तरित हुन गये। भारतीय रेखाविन्यासको साथ चिनियाँ दृश्यांकन-कलाको मेल भयो—वज्रयानी देवमाला औ स्थानीय लोक-मिथकहरुका अंकनमा। तालपत्रका ग्रन्थहरु भारतबाट तिव्वत ख्रीष्टको सातौं शताब्दीमा पुगे। तिव्वती-सम्राट स्रोङ् ब्चन-ग्रन्पो (630-693 ई०) को राजदरबारमा यसको उल्लेख भएको थियो। यो प्रक्रिया नवौं देखि तेह्रौं शताब्दीसम्म चलिरहयो। यस कालखण्डमा संस्कृत र पालिका हजारौ ग्रन्थहरु भोटभाषामा अनुवादित भए। यी ग्रन्थहरुको ज्ञानद्वारा बौद्धधर्म र दर्शनमाथि नयाँ प्रभाव त पर्‍यो नै, अझै हिन्दू-वैदिक र जैन परम्पराबारे पनि धेरै कुराहरुको ज्ञान प्राप्त भयो। किनकि कतिपय ग्रन्थहरु जुन यहाँ लुप्त भइसकेका थिए ती सबै तिव्वती लामाहरुका मठहरुका सुरक्षित छन्। कंजूर र तंजूरमा मा मात्रै 10 हजार भारतीय ग्रन्थहरुका तिव्वती अनुवादहरु सुरक्षित छन्। राहुलजीको चार पल्टको तिव्वत-यात्राले यस्ता वहुमूल्य सामग्री भारतमा फेरि ल्याइपुर्‍याउनमा ठूलो मदद पुर्‍याएको छ। राहुलजीले पहिलो पल्ट संस्कृतमा तिव्वती भाषाको व्याकरण र प्राथमिक 'भाषा-पाठ' लेखे। उनले धर्मकीर्ति, वसुबन्धु र असंग जस्ता बौद्ध नैयायिक दार्शनिकहरुका ग्रन्थहरुको पुनरुद्धार र सुरक्षामा महत्वपूर्ण प्रारम्भिक कार्य गरे। पछि प्रसिद्ध रुसी दार्शनिक र बौद्धन्यायशास्त्रका लेखक प्रोफेसर श्चेर्वात्स्कीले लेनिनग्राद विश्वविद्यालयमा हुँदा आफनो लेखमा लेखे कि 'उनीपछि यस विषयलाई अधिकारपूर्वक पढ़ाउन सकने व्यक्ति विश्वमा एकमात्र छन् औ तिनी हुन् राहुल सांकृत्यायन। बौद्ध विद्वानको नाताले उनलाई सोभियट रुसमा बोलाइयो र उनी लेनिनग्राड विश्वविद्यालयमा प्रोफेसरभ ए। जीवनको सन्ध्याकालमा उनलाई श्रीलंका विश्वविद्यालयमा सम्मानित प्राध्यापकको रुपमा आमंत्रित गरियो। तर भारतमा कुनै विश्वविद्यालयमा उनलाई पढ़ाउने सुयोग दिइएन, न कतै आमंत्रित नै गरियो किनभने राहुलजीकोमा कुनै औपचारिक उपाधि (डिग्री) थिएन। हाम्रो देशको शिक्षा-पद्धतिको नौकरशाही कति जकड़िएको छ, यस वारे यो भन्दा अधिक दु:खद टिप्पणी अरु के हुन सक्छ र ?

सन् 1928 तिर तिव्वत जानु उति सजिलो थिएन। नेपालबाट भएर गुप्त मार्गद्वारा त्यहाँ जान सकिन्थ्यो। रक्सौल र अमलेखगंज हुँदै राहुलजी शिवरात्रिको अवसरको लाभ उठाएर नेपाल पुगे। काठमाण्डौमा महावौद्ध स्तूपका एकजना डुक्पालामासंग उनको परिचय भयो। लद्दाखका हेमिसलामावाट उनलाई एउटा

Indian ... Advance ... 116974

उत्तम अनुशंसा पत्र प्राप्त भएको थियो। यहाँ राहुलजी नेपाली पोशाकमा नेपाली भएर डुक्पालामाको शिष्यको रुपमा बसे। तर लामा चाँहि राहुलजीलाई खबरै नदिइकन यल्मोतिर लाग्यो। उनी एक्लै येनम् पुगे। त्यहाँ उनी ती घूमतू बेपारीहरु संग हिंडन थाले जो चँवरी गायको पिठयूँमा नून बोकाएर लैजान्थे र नेपालबाट नूनको सट्टामा चामल र अरुअन्नहरु लिएर फर्कन्थे। राहुलजीले त्यहाँ डुक्पा लामा संग भेट गरे। त्यहाँ बाट नेपालको सिमाना भोटकोसी र तातो पानी हुँदै लामाको दलको एकजना सदस्य भएर उनी हिंड़न थाले। राहुलजीले आफनो परिचय खुन्नू (कन्नौर) मा पैदा भएका छेवांग र रांग का अवतारी लामाको चेलाको रुपमा दिए। डुक्पालमाले चाँहि येनम्मा नै डेरा हाले र त्यहाँका उनका चेलाहरुले चढ़ाए का उपहारहरुबटुल्दै बसिरहे। राहुलजी चाँहि अब तिव्बत चाँड़ै नै जानलाई साह्रै अधीर र उत्कण्ठित भइरहेका थिए। उनको प्रमुख समस्या थियो 'लामाचेक' अर्थात् भूमि-सीमाना गर्ने अनुमतिपत्र (वा राहदानी) कसरी प्राप्त गर्नू। उनले पहिले बुद्धगयामा हुँदा एकजना मंगोलभिक्षुसंग भेट गरेका थिए। संयोगवश राहुलजीको तिनै मंगोलभिक्षुसंग यहाँ भेट भयो र भिक्षुले दुइवटा पार-पत्र ल्याइ-दिए। राहुलजीले यस लोबजाङ् शेर (जसको संस्कृत अनुवाद हुन्छ सुमतिप्रज्ञ) नामक मंगोल भिक्षुको गह्रौं भारी आफनो काँधमा बोकेर तिनक पछि-पछि हिंड़न थाले। बाटामा केही भरियाहरु पनि थिए, तर बाटो भने सुरक्षित थिएन। त्यहाँ धेरे डाकाहरु लुटेराहरु बसेका थिए। बाटोमा कुनै पनि नौलो मान्छेलाई देख्ता त्यसलाई डाका नै भन्ठानेर राहुलजीले आफनो टोपी उतारेर जिभ्रो देखा उँदै 'कुची-कुची' (दया गर दया गर) भन्न थाल्थे। कैयन बेपारीहरु लामा वा भिक्षुको भेषमा वहुमूल्य वस्तुहरुलिएर जान्थे। यसै कारण यी डाकाहरुले पहिले यात्रीको हत्या गरिदिन्थे त्यसपछि उनीहरुको समानहरु लुटथे। सौभाग्यले कोशी नदीको हिउँ भएर जमेको पानी तरेर राहुलजी शेकर आइपुगे, जहाँ ल्हाचेसम्म उनको भारी लैजानलाई एउटा गधा पाइयो। ब्रह्मपुत्र नदीको किनारबाट निकै धीमा चालले हिंड़दै-हिंड़दै उनी नरथङ्सम्म खच्चरमा चढ़ेर आए। यस मठमा एधारौं शताव्दीका 338 वटा ग्रन्थहरु थिए जसमा अधिकांश चाँहि भारतीय ग्रन्थहरुको तिव्बती अनुवाद थिए। उनी त्यहाँबाट टशी-ल्हुन्पो गुम्वासम्म पुगे र टाशी लामासंग भेट गरे। तिन्ताक टाशी लामा चीनदेखि भागेर तिव्बत आएका थिए। त्यस ताक दलाई लामा पछि यिनै यहाँका सबैभन्दा ठूला र शक्ति-शाली धर्मगुरु थिए। शिगर्चेबाट राहुलजी डिकिथोमा, जरा-ला दर्रा, नगात्से, खामवाला डांड़ाहरु पार गर्दै छुओरीमा एउटा नावद्वारा ब्रह्मपुत्र तरे पछि एउटा खच्चरमा चढ़ेर उनी ल्हासा आइपुगे। उनले 19 जुलाई 1929 को दिन टाढ़ोबाट पोताला मठको सुनौलो छप्पर देखे। तीन घंटा हिंड़ेर उनी ल्हासास्थित नेपाली बेपारी धर्ममान साहुका घर आइपुगे। त्यहाँ उनको राम्रो स्वागत भयो। राहुल-

जीले नेपालमा छँदा नै धर्ममान साहुसंग भेट गरेका थिए र साहुजीका दुई भाई छोराहरु पूर्णमान साहु र ज्ञानमान साहुको नाँउमा पत्र लिएर गएका थिए। जहाँ विभिन्न देशहरुवाट आएका सात हजार भिक्षुहरु भिन्दा-भिन्दै खामजान वा छात्रावासमा वस्दथिए। तर त्यहाँ भारतीयहरुको लागि कुनै पनि छात्रावास थिएन। राहुलजीले कागजका स-साना टुक्राहरुमा 16 हजार भोटशव्दहरु जम्मा गरे र तिनको नेपाली र संस्कृतमा अर्थ पनि नोट गरे। आरम्भ उनको यहाँ तीन वर्ष सम्म वस्ने विचार थियो जसमा कि मात्र तिव्वतमा प्राप्त बौद्ध ग्रंथहरुको शोध र अध्ययन उनले गर्न सकुन्। तर यहाँ सबै-भन्दा ठूलो उनलाई आर्थिक कष्ट थियो। काशी विद्यापीठका आचार्य नरेन्द्रदेवजीले पचास रुपियाँ मासिक शिष्यवृत्ति पठाइदिने व्यवस्था मिलाइदिएका थिए। श्रीलंकाबाट भदन्त आनन्द कौसल्यायन-ले तीन हजार रुपियां दुर्लभ पुस्तकहरु र थंकाहरु खरीद गर्न भनेर पठाइदिने प्रवन्ध गरिदिए। राहुलजी समये नामक स्थानको सबै-भन्दा पुरानो मठ हेर्न गए जहाँ प्राचीन नालन्दाका भिक्षु शान्तरक्षितको शरीर सुरक्षित राखिएको थियो। तर यो मन्दिर संग जोड़िएको हुनाले अहिले खण्डहर बनिसकेको थियो। ग्यगर-लिङ् (भारतीय द्वीप) जहाँ भारतीय विद्वान् एघारौं शताब्दीमा निवास गर्थे र संस्कृत ग्रन्थहरुलाई तिब्वती भाषामा अनुवाद गर्थे, अब साह्रै। नराम्रो दशामा थियो। यहाँ अघि एउटा ठूलो ग्रन्थालय थियो जसमा यस्ता दुर्लभ ग्रन्थहरु पनि थिए जुन अतिशा दीपंकर श्रीज्ञानको समयमा विक्रमशिला विहारमा पनि थिएनन्। तर यो पुस्तकालय पनि कैयन् वर्ष अघि आगलागीमा स्वाहा भयो। राहुलजी यहाँ एउटा पनि संस्कृत ग्रन्थ प्राप्त भएन। तर तिब्वतीमा केही ग्रन्थहरु र केही चित्रहरुउनले खरीद गरे। अट्ठारह खच्चर हरुमाथि बोकाएर आफुले प्राप्त गरेका ती जम्मै सामग्रीहरु कालिम्पोंग सम्भ ल्याइपुऱ्याए। तिब्बतबाट फर्कदा हुँदी बाटो-मा उनलाई केही अरुपुस्तकहरु भेटीमा दिइए र कतिवटा चाँहि उनी आफैले किने। श-लु विहार र टशी-ल्हुन्पो, नरथड् र ग्यान्चीमा उनले यसरी ग्रन्थहरु जम्मा गरे। कंजूर र (तंजूर) वाहेक उनले आफुसंग 1619 वटा तिब्बती हस्तलिखित ग्रन्थ-हरु पनि ल्याए। ल्हासादेखि कालिम्पोंग सम्मको यात्रामा उनलाई 39 दिन लाग्यो 24 अप्रैल देखि 3 जून 1930 सम्म। यो सबै ग्रन्थहरु उनले पटना म्युजियमलाई उपहार स्वरूप प्रदान गरे जुन यहाँको काशीप्रसाद जायसवाल कक्षमा राखिएको छन्।

राहुलजीको कंजूर र 'तंजूर' को यो आरम्भिक कार्य कति महत्वपूर्ण थियो, यसको अनुमान यसैवाट लगाउन सकिन्छ कि तिव्वती त्रिपिटको तन्त्र औ सूत्र संहितारुको सूची मात्र जापानमा र त्यो पनि 1936 मा प्रकाशित हुन सकेको थियो अन्य भाषाहरुमा यसबारे केही पनि थाहा थिएन। राहुलजीले यस ग्रन्थको दुर्लभ ल्हासा-प्रतिहरु लिएर आएका थिए। उनले आफुसंग धर्म, दर्शन, इतिहास, जीवनी

कलाज्योतिष, चिकित्सा, भूगोल इत्यादि विषयहरुका कतिपय दुर्लभ ग्रन्थहरु पनि ल्याए। दार्शनिक ग्रन्थहरु, मुख्यत: नागार्जुनको माध्यमिकशाखा र असंगको योगाचार शाखा सम्बन्धी छन्। यी दुवैजना प्रसिद्ध बौद्ध नैयायिक दार्शनिक थिए। सातौंदेखि लिएर दसौं शताब्दी सम्मका लेखिएका तान्त्रिक तिब्बती ग्रन्थहरु पनि यस संग्रहमा छन्। राहुलजीले आफुसंग पद्मसम्भव, बुस्तोन र तारानाथका क्रमश: 'क्रियातन्त्र', 'चर्यातन्त्र' र 'योग ग्रन्थ' पनि ल्याए। यस बाहेक अनेक साहित्यका ग्रन्थहरु पनि यस संग्रहमा छन्, जस्तै—दण्डीको 'काव्यादर्श' बारे ल्हान-पाका दुई भाष्यहरु, कल्पलताका दुईवटा तिब्बती अनुवाद, पाणिनिको धातुपाठमाथि दुर्गा सिंहको 'भाष्य' इत्यादि। एउटा ऐतिहासिक ग्रन्थमा मगधदेशमाथि मुसलमानी आक्रमण र उद्धयन्तपुरी एवं विक्रमशिला विश्वविद्यालयहरुको महानाशको पनि वर्णन छ। डाक्टर अनन्त सदाशिव अल्तेकरले प्राचीन भारतीय शिक्षा विषयक ग्रन्थमा यसबारे सविस्तार वर्णन गरेका छन्। बौद्ध महायानी र वज्रयानी देवमाला सम्बन्धी 130 वटा चित्रपटहरु पनि राहुलजीले तिब्बतबाटल्याए। 1934 मित्र राहुलजी तीन पल्ट तिब्बत गए र त्यहाँबाट केही दुर्लभ वस्तुहरु विभिन्न गुम्बाहरुबाट संग्रह गरेर भारत लिएर आए। उनले प्रथम तिब्बती व्याकरण र तीनवटा बाल-पुस्तकहरु नागरी लिपिमा लेखे। उनले आफुसित धर्मकीर्तिको प्रमाणवार्तिक वृत्ति पनि ल्याए जसलाई तिब्बतीबाट फेरि उनले संस्कृतमा पुन: उपलब्ध गराए। उनले तिब्बती-हिन्दी-कोशको पनि संकलन गरे जसको प्रथम खण्डलाई, उनको निधनपछि, साहित्य अकादेमीले प्रकाशित गरेको छ।

राहुलजीको जीवन-कथा अझै अघि बढ्दै जान्छ। तिब्बतको यात्रा गर्नु नै उनको जीवनको प्रथम कार्य थिएन। उनी 1930 मा श्रीलंका गए, 1931 को सत्याग्रह आन्दोलमा उनले भाग लिए। उनी पुन: तेस्रो पल्ट श्रीलंका 1931-32 मा गए। 1932-33 मा उनी यूरोप गए। इंगल्याण्ड, फ्रान्स, जर्मनीमा, धेरैजना प्राच्यविद्या विशारदहरुसंग उनले भेट गरे। 1934 मा उनले कति महिना जापान कोरिया र मंचूरियामा बिताए। 1934 मा मंचूरियाबाट रेलद्वारा उनी सोमियट रूसमा पुगे। 29 अगस्त 1934 मा उनी ट्रेनमा बसे पछि सात दिनसम्म त्यसै गाड़ीमा बसेर उनी मास्को पुगे। 4 सितम्बरदेखि 21 सितम्बर 1935, उनले एक पक्ष: 15 दिन रुसमा बिताए। उनलाई अकाडेमिशियन ओल्डेनबुर्ग र श्चेर्वात्स्कीसंग भेट गर्ने इच्छा थियो। तर ओल्डेनबुर्ग त्यस समयसम्म जीवित थिएनन् औ श्चेर्वात्स्की लेनिनग्राडमा थिए, जहाँ जाने राहुलजीले अनुमति पाएनन्। मास्कोदेखि उनी बाकू गए जहाँ उनले अग्नि मन्दिर पनि हेरे। राहुलजीले यसलाई ज्वालामाई को मन्दिर भनेका छन्। त्यहाँ नागरी लिपिमा एउटा शिलालेख उनले पढ़े। त्यहाँबाट उनी ईरान गए औ उनले तेहरान, शिराज र मर्शद नामक शहरहरु पनि हेरे। त्यहाँबाट उनी बलूचिस्तान हुँदै ट्रेनद्वारा लाहौर आइपुगे। डा० प्रबोधचन्द्र

वागचीले कलकत्ता विश्वविद्यालयको लागि राहुलजीवाट कंजूर संग्रहको खरीद गरे।

आत्मकथामा उनी वियालीस वर्षको आयुमा टाइफोइड (विषम-ज्वर) को भयानक विमारीले आफु थला परेको उल्लेख गरेका छन्। पटनाको एउटा अस्पतालमा उनी पाँच दिनसम्म अचेत अवस्थामा थिए। तर उनी फेरि 1936मा तिव्वत, 1937 मा ईरान र 1937-38 मा सोमियट रुस गए। यस पटक उनी सोभियट अकादेमीको निमन्त्रणमा रुस गएका थिए। मास्कोवाट उनी जहाँ उनी 17 नभेम्वरदेखि 13 जनवरी 1938 सम्म बसे· त्यहाँ उनको भेट भारतीय मंगोल विभागकी सचिव लोला (एलेना नर्वेरतोमना कझारोवस्काया) नामक महिलासंग भयो। यिनले संस्कृत तिव्वती कोश वनाइरहेकी थिइन्। यिनलाई फ्रेंच, अंग्रेजी, रुसी र मंगोलीय भाषाको ज्ञान थियो। राहुलजीले यिनलाई संस्कृत पढ़ाउन शुरु गरे, यिनले राहुलजीलाई रुसी भाषा पढ़ाउन थालिन्। दुवैको मैत्री गहिरो आकर्षणमा र पछि विवाहमा परिणत भयो। लोलाले यस मोनोग्राफका लेखकलाई भनिन् कि तिनीहरुको आरम्भिक प्रेमपत्र संस्कृतमा थियो। यिनीवाट राहुलजीको एउटा पुत्रको 4 सितम्वर 1938 मा जन्म भयो। पुत्रको नाँउ रुसीमा ईगोर राखियो जसको नाउं राहुलजीले अग्नि (रुसीमा ओगोन) राख्न चाहेका थिए। पुत्र जन्मको समयमा राहुलजीले छोरालाई देख्न पाएनन्। जव जुलाई 1945 मा उनी पुनः रु स गए, तवमात्र उनले पुत्रको दर्शन गरे। यो यात्रा 17 अगस्त 1947 मा समाप्त भयो। त्यसपछि उनले पत्नी र पुत्रलाई भेटन सकेनन्। लोलाले पुर्नविवाह गरिनन्। 1962 मा जव राहुलजी विस्मृतिका रोगी भएर रुसमा चिकित्साको लागि गए, तव लोला र ईगोर उनीसंग भेट गर्न आएका थिए। महापंडितका आँखावाट मात्र आँसुका थोपाहरु खसे, तर कुनै वार्तालाप सम्भव थिएन यस पुस्तकका लेखकले अक्टूवर 1972 मा लेनिनग्राडमा लोलासित उनको घरमा भेट गरे। लोलाले राहुलजी र श्चेर्वात्स्की तथा ईगोरका वाल्यकालका फोटोहरुको अलवम देखाइन्। लोला, र ईगोर दुवैले हिन्दी जानेका छैनन्। दुवैकोमा राहुलजीले लेखेका एउटा पुस्तक पनि थिएन, न त तिनीहरु भारत आउन सके।

राहुलजीले सक्रिय राजनीतिमा पनि भाग लिन थाले। 1939मा उनले आफुलाई पूर्ण रुपले किसान सत्याग्रहमा होमिदिए। उनलाई पक्राउ गरेर झेलमित्र वन्द गरियो। त्यहाँ उनले लामो भोकहड़ताल गरे, पहिले 10दिनको त्यसपछि 17 दिनको। यो उपवास झेलको स्थिति सुधार गर्नका निमित्त गरिएको थियो। केही महिनापछि उनलाई झेलवाट मुक्त गरियो। 24-25 फर्वरी, 1940 मा उनी मोतीहारी किसान सम्मेलनका अध्यक्ष निर्वाचित भए। उनी फेरि 1940-42 मा पक्राउ परे र हजारीवाग एवं देवली झेलमा राजबन्दीको रुपमा 29 महिना सम्म बसे। यस कारावासको लामो समयमा राहुलजीले कतिपय ठूला-ठूला ग्रंथहरु लेखे जसमा

उनको जीवनयात्राको दुई खण्ड पनि थिए, साथै दर्शन-दिग्दर्शन पुस्तक (843 पृष्ठको) यसै वेला लेखे। यो ग्रन्थ हिन्दीमा प्रथम पल्ट यूनानी, इस्लामी, यूरोपेली र भारतीय दार्शनिक विचारधाराहरुको विश्लेषणात्मक परिचय दिने र मार्क्सवादी दृष्टिकोणले समीक्षा प्रस्तुत गर्ने ग्रन्थ हो। तीन हजार वर्षको दार्शनिक विकासको वुद्धिवादी मानवतावादी दृष्टिकोणले गरिएको यो अध्ययन एउटा विराट सर्वग्राही ऐतिहासिक प्रयत्न हो।

उनले भारतीय र विदेशी दार्शनिकहरुको तुलनात्मक चार्ट (तालिका) 'दर्शन दिग्दर्शन' को अन्तमा दिएका छन्, जसमा राहुलजीलले दुईजना आधुनिक भारतीय चिन्तकहरुको मात्र नाम दिन्छन् र तिनका समकालीन अनेक विदेशीहरुको उल्लेख गर्छन्, जस्तै :

हेगेल (1710-1831), राजाराम मोहनराय (1774-1829) मार्क्स (1818-83) र दयानन्द (1824-83)

विदेशीहरुमा उनले कतिपय दार्शनिकहरुको नाम-सूची दिन्छन् र तिनीहरुको चर्चा गर्छन्, जस्तै—दकार्त, स्पिनोजा, लाक, वर्कले, भोल्टेयर, ह्यूम, रुसो, कान्ट, फिल्टे, शेलिंग, शोपेनहाउर, फयूहर वाख, स्पेन्स र, एंगेल्स, माख, विवियम जेम्स, नीट्शे, व्रेडले, वर्गसां, व्हाइटहेड, लेनिन र वट्रेन्ड रसेल। अन्तमा उनले जुन संदर्भ सूची दिएका छन्—जसको आधारमा यो ग्रन्थ झेलमा वसेर लेखे—अनेक संस्कृत, पालि, अरवी, फारसी ग्रन्थहरुको साथ-साथै उनले मात्र तीनजना भारतीयहरुका अंग्रेजी ग्रंथहरुको नांउ दिन्छन्—एस० एन० दासगुप्त, एस० राधाकृष्णन तथा एस० सी विद्याभूषण, साथै मार्क्स, एंगेल्स, फयूएर वाख अनि श्चेर्वात्स्कीका पाँच-ग्रंथहरु मात्र छन्।

झेलवाट छुटेपछि, सवैभन्दा मार्मिक वर्णन उनले चौंतीस वर्षपछि आफ्नो जन्मग्राम को यात्रावारे गरेका छन्। गाँउमा सबै-कुरो बदलिएको थियो। उनका वाल्यकालका साथीहरुले कति प्रेमसहित उनको स्वागत गरे। उनकी प्रथम परिणीता स्त्री उनीसंग भेंट गर्न आइन्। तर उनले त विवाह-विधिको तुरन्तैपछि, दिवरागमन हुनभन्दा अघि नै तिनलाई त्यागिदिएका थिए। 1942 देखि 1944 सम्म फेरि उनले भारतको भ्रमण गरिरहे, कहिले राजनीतिक कार्यहरु लिएर, कहिले साहित्यिक सभाहरुमा सामेल हुनको निम्ति। उनी आफ्ना यात्राहरुको विस्तारपूर्वक विवरण दिन्छन् आफना डायरीहरुको आधारमा। यहाँ एकजना अत्यन्त जिज्ञासु, ज्ञान-पिपासु मनको दर्शन हुन्छ। कहीं उनले नेपाली देवी-देवताहरु तथा भूत प्रेतहरुको अट्ठार प्रकारको गन्ती गर्छन् त कहीं तिव्वतका एघार पटा पिशाचहरुको रीति-रिवाजहरुको विश्वासहरुको विस्तार सहित परिचय दिन्छन्। उनको लेखन एउटा अद्भुत कोश-संग्रह हो जसमायी विषयहरुको अद्भुत ज्ञान प्राप्त हुन्छ, जस्तै—सांस्कृतिक जातितत्व शास्त्र (नृवंशशास्त्र), समाज-विज्ञान आर्थिक

स्थितिहरु, भाषाशास्त्र, प्रवासका कष्टहरु, भौगोलिक र भू-स्तर-विषयक कुराहरु, राजनैतिक तानातानी र दवाउ, पुरातत्व र धर्मको इतिहास, अज्ञात मत-पंथ र तिनका विश्वास—अनुबंध सबै एउटै पोकोमा सहजै आफ्नै साथ बोकेर उनी हिंडछन्। अनि यी सबै ज्ञानहरु उनी यति अत्यन्त मनोरंजक र स्वाभाविक अकृत्रिम शैलीमा यसरी दिन्छन् कि मानौं पाठकहरुसंग उनी वार्तालाप गरिरहेका छन्, पाठकहरुलाई कतै पनि यस्तो लाग्दैन कि उनीहरुमाथि लेखकले कुनै ठूलो भारी राखीदिंदै छन् अथवा उनीहरुलाई वाक्क पार्दैछन्।

सन् 1948 को पछि राहुलजी धेरै जस्तो समय भारतमा नै वसे। मात्र एक पल्ट उनी चीन गए र दोस्रो पल्ट श्रीलंका गए। यी यात्राहरु पछि उनी बिरामी परे र उनको अन्तिम पल्ट को सोमियट रुसको यात्रा विस्मृतिको अवस्थामा भएको थियो। यस पुस्तकका लेखक राहुलजीको निकट सम्पर्कमा 1944 देखि नै रहि आएका थिए, उनीसंग एउटा शव्दकोशको सम्पादनकार्यमा 1948 मा सहयोग गरे। उज्जैनमा 1944 मा र इलाहावादमा 1950 या राहुलजी यस पंक्ति का लेखकका घरमा वसे। तीन ग्रीष्म-अवकाशहरुमा यो लेखक सपरिवार राहुलजीका अतिथि थिए—नैनीताल, मसूरी र दार्जिलिंगमा। उनी यस लेखकका घनिष्ट पारिवारिक मित्र थिए। राहुलजीले नै यस लेखकको पुत्रको असंग नामकरण गरिदिएका थिए।

उनलाई मधुमेहको घोर कष्ट थियो। अति परिश्रम तथा वैयक्तिक चिन्ताहरुले गर्दा उनी यति विरामी परे कि जीवनका अन्तिम डेढ़ वर्षमा उनको स्मरणशक्ति लुप्त भयो। यो एउटा अत्यन्त दुखद दृश्य थियो कि यति ठुला विद्वान् आफनो नांउ पनि पढ़न सतैनथिए, न त सुसंगत ढंगले वोल्न सक्थे। यस्ता व्यक्तिगत आघातहरु र विस्मृतिको पूरा कारण कहिल्यै पनि जान्न माह्लो हुन्छ। निराला जी जीवनका अन्तिम वर्षमा वा काजी नजरुल इस्लाम जीवनको अंतिम पूरा चौंतीस वर्षसम्म यसै प्रकारको कष्टमा नै बाँचिरहे। यस महान् विद्वान् एवं रचनाकार लेखकको सारा जीवनभरिको सक्रियता र गतिशीलताको अन्त अत्यन्त शोकप्रदा हुन गयो। कदाचित् उनलाई भरपूर प्रतिदान समाजद्वारा प्राप्त हुन सकेन, उनको उपेक्षा गरियो। उनलाई पूर्ण कामहरुपछि जुन प्रकारको विश्रांति चाहिन्छ त्यो प्राप्त हुन सकेन। उनले ठूलो उमेरमा विहे गरे र आफना छोरा-छीरीको भविष्यको चिन्ताले सायद उनलाई मित्र-मित्रै बिथोलिरहथ्यो। उनी आफनो अन्तिम मूक-अवस्थामा यसरी वड़वड़ाइरहन्थे—"दो वच्चे, तीन वच्चे।" हुन सक्छ कि उनको शरीरले उनको मनको साथ दिन छोड़ि सकेको थियो र उनले आफुलाई यसै भुलावामा राखिरहे कि औषधिहरुको सहाराले शरीरलाई युवाहरु जस्तै सक्रिय राख्न सकिन्छ। उनकी तृतीया पत्नी कमला सांकृत्यायनले मात्र उनको यस अन्तिम अवस्थाको सम्वन्धमा आधिकारिक ढंगले लेख्न सक्छिन्। तर सबै कुरो

भनिए र अनुमान गरिएपछि पनि सत्य उति नै रहस्यमय रहने छ जतिको त्यो आज रहेको छ। मृत्युले, यीशूको खिल्ली उड़ाउने पाइलेट झैं, उत्तरको लागि पर्खिरहन सक्तैन।

व्यक्तिगत रूपले राहुलजी वड़ा उदार र स्नेहशील व्यवहार भएका व्यक्ति थिए। अत्यंत आत्म-संयमी, अनुशासित राहुलजीले दिनमा अट्ठार घंटा काम गर्न सक्थे। उनका आफना व्यक्तिगत रुचिहरु र शौकहरु सीमित थिए। सादा लिवास, (पोशाक) र सादा भोजन। राहुलजीले मित्रहरु तथा तरुण शोधार्थीहरुको वड़ी सहायता गरि रहन्थे। उनी स्पष्टवक्ता थिए, निर्भीक थिए र सत्ता वा लोकप्रियता को शिखरमा विराजमान महान व्यक्तिहरु र नेताहरुका भावनाहरुलाई दुखाउनु वा आलोचना गर्नुमा उनी कहिल्यै पछाड़ि हटेनन्। जहाँ उनको विश्वासहरुको प्रश्न थियो, त्यहाँ उनले स्पष्ट रुपले भन्थे र सत्य भन्नमा अलिकति पनि 'नरो वा कुंजरो वा' गर्दैन थिए।

उनको फुर्सदको समय प्राय: लेखन-पढ़नमा नै व्यतीत हुन्थ्यो। लेखनमा उनी सशक्त र क्रोधी देखिन्छन्, तर वोल्नमा उनी सौम्य र अल्पभाषी थिए। मंचमा भाषण दिने कलामा उनी प्रवीण थिएनन्। उनले चौंतीस भन्दा वढ़ी भाषाहरु जानेका थिए, तर लेखन र वोल्नमा उनले संस्कृत र हिन्दीको नै प्रयोग गर्दथे। आफना भाषणहरुमा प्रयोग गरिने उनका ती भाषाहरु सरल हुन्थे। उनले सदैव सामान्य पाठकहरुको पनि ध्यान राख्थे। उनका लेखनमा कहिलेकहीं प्रचारकको आग्रही आउँथ्यो तर अन्धनिष्ठादेखि उनी सदैव टाढ़ै वसे। एउटा यस्तो व्यक्तिको लागि निकै गरीवीदेखि माथि उठे र अधिक मात्रामा स्वयं-शिक्षित थिए, यस्ता प्रगतिशील, वुद्धिवादी, धर्मनिरपेक्ष, मानवतावादी दृष्टिकोण प्राप्त गर्नु, एउटा असामान्य उपलव्धि थियो। कतै-कतै उनी अन्धविश्वासीहरु, रहस्यवादीहरु, अर्थ-आध्यात्मवादीहरुको विरुद्धमा कड़ा शव्दहरु लेखि दिन्छन्, तर राहुलजी आफना रचनाहरुमा कतै पनि पटु छैनन्। उनी सदैव अर्को पक्षका कुराहरु पनि जान्न चाहन्थे। प्रत्येक वस्तुमा उनी राम्रोपन खोज्न चाहन्थे। पटक्क ग्रहण गर्न नसकिने र विचित्र लाग्ने कुराहरुलाई पनि उनि राम्ररी वुझ्न चाहन्थे। उनी एक जना अन्तर्व्याप्त सहानुभूतिले भरिएका मानिस थिए। यो कुरो राहुलजीले वौद्धहरुको करुणाको सिद्धान्तवाट विकसित गरेका थिए। यसै कारण उनको जीवन र साहित्यको पाठकहरुमाथि गहिरो प्रभाव पर्‍यो। हाम्रो चारैतिर जुन अल्झिएको दुनिया छ, त्यसलाई समग्ररूपले वुझ्नका निमित्त राहुलजीले प्रयत्न गरे। यस प्रक्रियामा उनले एउटा नयाँ मानवको संतुलन र अन्त: समन्वयको खोजी गरे।

राहुलजी जीवन अथवा लेखनमा रोमांटिक वा भावुक अलिकति पनि देखिन्नन्। उनको अन्य मानवहरुसग, सम्वन्ध तिनीहरु ठूला हुन वा साना, समानधर्मा हुन् वा विरोधी, सदा मैत्रीपूर्ण र एकजना शोधार्थीको छ। उनी न त सर्व नकार-

वादी छन्, न सर्वनिन्दक नै। "तुम्हारी क्षय" जस्ता पुस्तकहरुमा उनले केहि संस्थाहरु र मानवीय पूजन स्थानहरु वा प्रतिमाहरुको तीव्र निषेध गरेका छन्। उनी राजनीतिक ढुलमुलवादी हेम्लेटहरु(जस्तो भोजपुरी नाटक 'ढुनमुन' मा)को खिल्ली उड़ाउँछन्। स्त्री शक्तिको पुरुषहरुमाथि शासन उनको नरम विनोदको विषय हो। तथाकथित धर्मगुरुहरुको कथनी र करनीको अन्तर्विरोधको पनि उनी पर्दा उदांगो पारिदिन्छन्। तर सर्वत्र राहुलजीको सम्वोधिले दीप्त करुणा मैत्रीले भरिएको मुद्रा यी जम्मै रुपहरु भित्र लुकेको छ, अथवा भनौं, कतै पनि लुकेर वस्न सक्तैन।

# 3

# कृतित्व

राहुलजीका जन्मै रचनाहरुको एउटा वर्णनात्मक सूचीमात्र पनि दियौं मने यस पुस्तिकाको पृष्ठ-संख्याको सीमा बढ्न जानेछ। हामी यहाँ उनको साहित्यिक कृति-हरुको मात्र सर्वेक्षण गर्ने छौं जसमा रचनात्मक र आलोचनात्मक दुवै प्रकारको कृतित्व आउँदछन् र यद्यपि साहित्यको व्यापक सन्दर्भमा मानविकीहरु आउँछन्, पछि-पछि उनका ती प्रकाशनहरुको पनि उल्लेख गर्ने छौं जुन चाँहि दर्शन, इतिहास, समाजशास्त्र र तत्सम शाखाका पुस्तकहरु हुन्। राहुलजीले 1937 देखि अर्थात् चौंतीस वर्षको आयुदेखि नै नियमित रुपले लेख्न आरम्भ गरे अनि 1961 सम्म यो क्रम चलिरह्यो। यसै वर्ष उनी विरामी परे। प्रकाशचन्द्र गुप्तले लेखेका छन्—उनी आफनो लेख्ने आदतमा घड़ी जस्तै नियमित थिए। यस प्रकार 34 वर्षमा उनले प्राय: 40 हजार पृष्ठको साहित्य प्रकाशित गरे। अहिले पनि तीन-वटा पाण्डुलिपिहरु अप्रकाशित छन्। यहाँ हामीले यस कुराको पनि ध्यान राख्न पर्छ कि उनले देश-विदेशका साहसमय यात्राहरु गरिरहे, विदेश तथा झेलमा पनि वसे, ती सबै कष्टमय-जीवनवर्षहरुको व्यवधान हुँदाहुँदै पनि उनले जति पनि लेखे, त्यो आफैमा एउटा टूलो काम हुन गएको छ। सँधैभरि घुमक्कड़ रहेका यस्ता मानिसको विपुल लेखन-भण्डारले हामीलाई आश्चर्यचकित बनाइदिन्छ। उनी बड़ो तीव्र गतिले र अनथक लेख्ने गर्थे। यस कार्यमा उनी विशेष प्रकारको मूड बनिने प्रतीक्षा गर्दैन थिए औ न आरामी अवस्थाको तलाशमा नै उनी रहन्थे। ट्रेनमा हुन् वा जहाजमा, बसको स्टेशनमा हुन् वा धर्मशालामा, तम्बूमा हुन् वा हुटेलमा, घरमा हुन् वा प्रवासमा, उनी निरन्तर लेखी नै रहन्थे।

## कथा अनि उपन्यास

राहुलजीले कथा-उपन्यासका 13 वटा पुस्तकहरु लेखेका छन्। तिनमा प्रसिद्ध छन्—'सिंह सेनापति र जय यौधेय'। प्रस्तुत लेखकले विशाल भारत पत्रिका

मा 1938 मा यस ग्रन्थको आलेचना गरेका थिए। 'विस्मृत यात्री, 'दिवोदास' र 'मधुरस्वप्न' प्रथम तीनवटा उपन्यासहरु प्राचीन, मध्ययुगीन-भारतको इतिहास-लाई लिएर लेखेका छन्। 'दिवोदास' वैदिक आर्यहरुको जीवन-पद्धतिमा आधारित फैन्टेसी हो र अन्तिम चाँहि फारसको इतिहासलाई लिएर लेखिएको छ।राहुलजीले मात्र दुई वटा सामाजिक उपन्यास लेखे, ती हुंन् 'जीनेके लिए' र 'राजस्थानी रनि-वास'। जीनेके लिए मा 1914 को प्रथम विश्वयुद्धमा भाग लिएर घर फर्केको एक जना किसान सिपाहीको कहानी छ जसले पछि जमींदारी, सामन्तवाद, साम्राज्य-वादको विरोध गर्ने क्रान्तिकारी आन्दोलनमा भाग लिन्छ। यसमा 1939 सम्मको कथा छ। अर्को उपन्यास "राजस्थानी रनिवास" मा राजस्थानका महल र हरमहरु. मावस्ने रखौटीहरु र कमारीहरुको शोकमय जीवनको वर्णन छ। दुईवटा अन्य कृति-हरु जुन चाँहि फैन्टे सी जस्ता हुँदाहुँदै पनि समाज शास्त्रीय अधिक छन्-'बाईसवीं सदी" मा आदर्श राज्यको वर्णन छ, तर अर्को वोलीचालीको भाषामा संवाद शैलीमा लेखिएको पुस्तक हो—"भागो नहीं दुनियाको बदलो।"

उनका चारवटा कथा-संग्रह छन् जुन चाँहि 'सतमीके बच्चे' मा ती दयनीय बालकहरुको सत्य कथा हो—जसले साहै दीनतापूर्ण जीवन बिताउनु पऱ्यो, दरि-द्रता र सामाजिक विषमताहरुसंग संघर्ष गर्दै—यी सबै रेखाचित्रहरु साँचो ग्राम्य जीवनवाट जस्ताको तस्तै नै सजीवरुपमा माटोवाट उठाइएका छन्। यी कथाहरुमा गोर्कीको जस्तो सामाजिक यथार्थवादिताको आग्रह झल्किन्छ। गोर्कीले लेनिनलाई लेखेकाथिए—" असल कितावमन्दा एउटा नराम्रो मान्छे राम्रो हुँद छ। यस पुस्तकमा एउटा ऐतिहासिक कथा पनि छ जसको शीर्षक छ—'स्मृतिज्ञानकीर्ति।"

अरु दुईवटा कथा-संग्रह, दुई अन्य स्थानहरुको सामाजिक र ऐतिहासिक स्थितिको वर्णन गर्ने खालका छन्। विलासी मंसूरीको पर्वतपुरीका बाईसवाट चित्रहरु 'बहुरंगी मधु पुरी' संग्रहमा छन्, यसैवाट नौवटा चुनिएका कथाहरु 'रुपी' नामक संग्रहमा पुनर्मुद्रित भएका छन्। 'कनैलाकी कथा' मा कथा शब्द सार्थक भएको छैन। वस्तुत: यो 1300 ई० पू० देखि 1957 ई० सम्मको जीवन-पद्धति-विकास बारे लेखिएका नौवटा कथाहरु हुन्। यस पुस्तकको बंगला अनुवादमा यसलाई 'वोलगा से गंगा,' भाग—2 भनिएको छ।

यिनमा सबैभन्दा महत्वपूर्ण कथा-संग्रह जसद्वारा राहुलजीलाई स्थायी कीर्ति प्राप्त भयो-त्यो हो—'वोलगा से गंगा।' प्राक् वैदिक काल देखि 1944 सम्म आधुनिक भारतको विकासबारे यसमा बीसवटा कथाहरु छन्। चौधवटा कथाहरु प्राचीन र मध्ययुगीन भारतका छन्, पन्ध्रौं' कथादेखि मुस्लिम राज र ब्रिटिश राजको पार्श्वभूमि आरम्भ हुन जान्छ। राहुलजीले इतिहासको एउटा विशेष कालखण्डलाई लिन्छन् औ त्यसमा एउटा विशेष कथास्थितिको यसप्रकार पुनः रचना गर्दछन् र त्यसको यस्तो ढंगले विश्लेषण गर्दछन् कि द्वन्द्वात्मक भौतिकवादी

दृष्टिकोणले भारतको इतिहास सामुन्ने खुलिन्दैजान्छ। कतै-कतै कालिदासलाई सामन्ती राजकवि देखाउनमा अथवा कृत्रिम हिन्दू-मुस्लिम एकताको वर्णनमा राहुलजीको पूर्वाग्रह उनको वस्तु-निष्ठतामाथि प्रभावी हुन जान्छ। तर यस पुस्तकको कल्पना र निर्वाह दुवै दृष्टिले नै यो कृति आधुनिक साहित्यको समग्र भारतीय साहित्यलाई एउटा ठूलो र विशिष्ट देन हो।

## जीवनी तथा आत्मजीवनी

राहुलजीको साहित्यिक गद्यको एउटा ठूलो भाग हो उनको आत्मकथाका पाँच खण्डहरु र सत्रह वटा अन्य पुस्तकहरु जसमा पूर्ण जीवनीहरु छन् वा जीवन-चरित्रहरुको-संग्रह छन्।

आत्मकथा जम्मा 2814 पृष्ठहरुमा लेखिएको छ। स्वर्गीय शिवचन्द्र शर्माले लेखे—'भारत र भारतका वाहिर व्यक्तिहरु र दलहरुले जुन राजनैतिक, सामाजिक, साहित्यिक र ऐतिहासिक स्थितिहरु जन्माए ति सवैको यो प्रायः ज्ञानकोश नै हो। यसमा राहुलजी आफैको सम्बन्धमा कम तर अरुहरुको वारेमा अधिक छ।'

उनका चारवटा अन्य पुस्तकहरु पनि आत्मकथात्मक नै छन्। 'वचपनकी स्मृतियाँ' र 'अतीतसे वर्तमान' मा पनि स्मृतिहरु र जुन महान व्यक्तिहरुका सम्पर्कमा उनी आएका थिए तिनीहरुको विवरण छ। 'मेरे असहयोगके साथी' मा 55 जना व्यक्तिहरुलाई श्रद्धांजलि अर्पित गरिएको छ र अर्को कृति हो—'जिनका मैं कृतज्ञ हूँ।'

ऐतिहासिक क्रमले उनले जुन अरु जीवनीहरु लेखे, तिनमा 'महामानव बुद्ध,' 'सिंहलके वीर पुरुष' (सात महापुरुषहरुका जीवन रेखाहरु)' सिंहल घुमक्कड़ जयवर्द्धन, 'सरदार पृथ्वीसिंह,' 'घुमक्कड़ स्वामी (हरिशरणानन्द), 'वीर चन्द्रसिंह गढ़वाली।' कप्तान लाल (जसवन्त चन्द्र लाल)। सवैभन्दा महत्वपूर्ण जीवन-रेखा-चित्रहरुको संग्रह हो—'दुई खण्डमा' 'नये भारतके नये नेता।' यसमा शेरे-कश्मीर शेख अब्दुल्ला, सर्वश्री कामरेड यूसुफ, भारद्वाज, एस० जी० सरदेसाई, स्वामी सहजानन्द, एस० ए० डांगे, कल्पनाद जोशी, वंकिम मुखर्जी, पी० सुन्दरैया, के० केरलियन, आर० बी० मोरे, डा० गंगाधर अधिकारी, डा० के० एम० असरफ, पूरनचन्द जोशी, एस० एस० वाटलीवाला, मुहम्मद शहीद, सैयद जमालुद्दीन वुखारी, फज्ले इलाही कुरबान, मुवारक सागर, डा० जेड० ए० अहमद, महमूद जफर, निराला, पंत आदिका जीवन कथाहरु, प्रत्येक व्यक्तिसंग साक्षात्कार गरेर, तिनको पारिवारिक वंश-परम्परा, वाल्यकाल, कार्य, सामाजिक राजनैतिक संघर्ष अनि घटनाहरुको विशद विवरणसहित प्रस्तुत गरिएको छ। भारतमा समाजवादी-साम्यवादी विचारहरुको इतिहास विषयमा शोध-कार्य गर्नेहरुका निमित्त यो

बड़ो उपयोगी ग्रन्थ हो । दुर्भाग्यको कुरो, यो ग्रन्थ धेरै वर्ष देखि अप्राप्य छ किनकि यसको पुनमुर्द्रण भएको छैन ।

राहुलजीले कार्लमार्क्स, लेनिन, स्टालिन र माओ-चे-तुंग को हिन्दीमा प्रथम पल्ट लेखेका चार उत्तम जीवनीहरु छन् । 1956 मा लेखिएको 357 पृष्ठको माओ-चे-तुंग पुस्तकको भूमिकामा राहुलजीले लेखेका थिए—

'माओ एशियाका हुन् अनि एशियामा पनि चीनका, जसको भारतसंग सांस्कृतिक आदान-प्रदान र घनिष्टता धेरै पुरानो छ । यहाँ यो कुरो भन्न सक्छौं कि दुवैको विचारधारा र जीवनमा प्राचीनकालदेखि नै अति घनिष्टता रहेको छ । यद्यपि मार्क्सवादको प्रयोग हरेक देशमा त्यसको परिस्थिति-अनुसार गर्नपर्दछ, जुन सबैभन्दा कठिन काम हो । अझ यसो भन्न ठीक पर्दछ कि मार्क्सवादलाई आफनो देशमा व्यवहृत गर्नलाई मार्क्स, एंगेल्स, लेनिन, स्टालिन र माओ-चे-तुंग जस्ता प्रतिभाहरुको आवश्यकता छ । हर देशमा क्रान्ति र नवनिर्माणका शक्तिहरु विद्यमान छन्, समय पनि कहिले-कहिले मात्र पाइन्छ, तर क्रान्तिको सफलताको लागि यस्तै नै महान् प्रतिभाहरुको आवश्यकता छ । आवश्यकता छ भने प्रतिभा अवश्य जन्मन्छ । हाम्रो देशको लागि त माओको जीवनी बड़ो लाभदायक छ । यस उद्धरणबाट यो स्पष्ट हुन्छ कि राहुलजी खुल्ला दिमाग भएका मार्क्सवादी थिए । उनले कहिले पनि केही पनि कसैलाई चिप्लो घस्नु र खुशी पार्नुको निमित्त लेखेनन्, अथवा कुनै लाभ उठाउने कारणले पनि लेखेनन् । वस्तुतः राहुलजीले आफ्ना समाजवाद पुस्तकहरुबाट होइन बरु जीवनबाट सिके । उनी मात्र आरामकुर्सीमा ढल्केर सिद्धान्त का कुराहरु गर्ने अथवा ड्राइंग रुममा बसेर विद्वान् बनिन खोज्ने खालका व्यक्ति थिएनन् ।

उनका रचनात्मक साहित्यको एउटा निकै ठूलो अंश उनको विविध प्रकारको प्रवास-वर्णन हो । यस प्रकारका उनका 13 वटा पुस्तकहरु छन् ।

1. 'मेरी लद्दाख यात्रा' यसमा मेरठ पंजाब, मुलतान, डेरा गाजी खां, फ्रान्टियर, पुंछ रियासत, काश्मीर, जोजिला दर्रा घाटी हुँदै लद्दाखसम्म गएको वर्णन छ । यसमा लाहुल र कुल्लूको पनि वर्णन गरिएको छ । यो पुस्तक 1939 मा लेखिएको थियो ।

2. 'लंका' यसमा अनुराधपुर, पोलन्नारु, कोलम्बोको इतिहास-वृत्त र वर्णन छ । यो 'राहुल यात्रावली' भाग—1 मा पुनः प्रकाशित भएको छ ।

3. 'मेरी यूरोप यात्रा' : 1935 मा प्रकाशित भएको यस पुस्तकमा भदन्त आनन्द कौसल्यायनसित कोलम्बो देखि लण्डन, पेरिस, र जर्मनी मा 1932 मा गरिएको यात्राको वर्णन दिइएको छ ।

4. 'मेरी तिब्बत यात्रा' : यो पुस्तक 1937 मा प्रकाशित भएको थियो । ल्हासा, चंग, साक्या, येनम् र नेपालका डायरीहरुको अंश पनि छन् ।

5. 'यात्राके पन्ने' : 1952 मा प्रकाशित। तिब्बतको तेस्रो यात्रा, राजस्थान यात्राका केही अंशहरु र भदन्त आनन्द कौसल्यायनलाई लेखेका पत्रहरु यसमा छन् ।

6. 'जापान' : सिंगापुर, हङ् कङ्, शांघाई, कोवे, टोकियो, कोयासानको यात्राको विवरण यसमा पाइन्छ ।

7. 'ईरान' (दुई खण्डमा) पहिलो खण्डमा प्राचीन फारसको इतिहास छ, दोस्रोमा आधुनिक ईरानको यात्राको वर्णन छ ।

8. 'रुसमें पच्चीस मास' : बीकानेरदेखि 1952 मा प्रथम प्रकाशित, र 1967 मा मेरी जीवन यात्रा: भाग—3: मा पुन: प्रकाशित ।

9. 'किन्नर देशमें' : प्रयागदेखि 1948 मा प्रकाशित। दोस्रो संस्करण इलाहावादबाट 1956 मा प्रकाशित। हिमाचल प्रदेशमा किन्नौरको यात्राको वर्णन यसमा पाइन्छ ।

10. 'तिब्बतमा सवा वर्ष' : दिल्लीवाट 1933 मा प्रथम पल्ट प्रकाशित। राहुल यात्रावली भाग—1 मा पुन: मुद्रित ।

11. 'घुमक्कड़ शास्त्र' : घुमक्कड़हरुको लागि अत्यन्त मनोरंजक संहिता ।

12. 'एशियाके दुर्गम भूखण्डों में' : दोस्रो तिब्बतयात्राको वर्णन ।

13. 'चीनमें क्या देखा': नयाँ चीनको 1958 को यात्राको उत्साहपूर्ण वर्णन।

यी वाहेक हिमालयवारे लेखिएको एउटा पूरा पुस्तकमाला नै छ, जसमा दार्जीलिंग, कुमायूं, गढ़वाल, जौनसार, नेपाल, हिमाचलप्रदेश वारे भिन्दै-भिन्दै विस्तृत वर्णनहरु छन् । 'सोमियट मध्यदेश' औ 'सोमियट भूमि' वारे उनका दुईवटा ठूला पुस्तकहरुमा पनि विपुल जानकारी जम्मा गरिएको छ ।

साहित्यिक महत्वका उनका अन्य ग्रन्थहरुमा इतिहास-विषयक रचनाहरु छन् । 'मध्यएशिया का इतिहास' एउटा वृहत् आकारको दुईखण्डको ग्रन्थ हो जसलाई साहित्य अकादमीले पुरस्कृत गर्‍यो। यसको उल्लेख पहिलेनै गरिएको छ । यिनका अन्य इतिहासपरक ग्रन्थहरु छन्—'ऋग्वेदिक आर्य' 'अकवर' 'भारत-मा ब्रिटिश राज्य के संस्थापक' 'जुन चाँहि' Founders of British Rules in India को भावानुवाद हो। यी ग्रन्थहरु त्यति मौलिक छैनन्, तर 'पुरातत्व निवन्धावली' मा अत्यन्त मौलिक एवं महत्वपूर्ण शोध-निवन्धहरु संगृहीत छन्।

हिन्दी साहित्यको आरम्भिक इतिहासमाथि पनि राहुलजीले केही नयाँ प्रकाश हालेका छन् । संस्कृत र पालिका दुईवटा काव्य-संग्रहहरु संकलित गरेर, जसमा 'पालिकाव्यधारा' अहिले पनि अप्रकाशित नै छ। राहुलजीले आफनो जीवनको अन्तिम कालमा एउटा यस्तो त्रिखण्डात्मक काव्यसंग्रह तयारी गरिरहेका थिए जुन चाँहि पारम्परिक भएता पनि अपौराणिक हुने थियो औ जसलाइ आधुनिक पाठक-हरुले कविताको रुपमा आनन्दसहित पढने थिए। यो काम उनले हिन्दी काव्यधारा

मा अपभ्रंश कविताहरुको संकलनबाट शुरु गरे। यस ग्रन्थमा पुराना हिन्दी कविताहरुको सम्बन्ध सिद्ध एवं नाथहरुको पद र सूत्रहरुमा भनिएका विचित्र वाणीहरुसंग जोड़िएको छ। यसमा सरहपा, डोम्बिपा, कान्हपा आदि प्राचीनतम कविहरुका रचनाहरु छन्, जसले एक हजार वर्षअघि जानिजानिकन जातिपाँतीको भेदभावको उच्छेद गरे-अनि कर्मकाण्डहरुको विरोध गरे। पछिल्ला शताब्दीहरुमा यी सिद्धहरु कबीर, दादू, रैदास, नामदेव आदि जुन विद्रोही अप्रतिबद्ध कविहरु भए, तिनीहरुकै पूववर्ती थिए। अब्दुर्रहमान र पुष्फदन्तका प्रकृति औ मानव-सम्बन्धहरुको सुन्दर वर्णनमा, अहिलेको 'गाथासप्तशती' को काव्यरचनाको नै सूत्र पाइन्छ। राहुलजीले स्वयम्भूको जैन-रामायणबारे एउटा लेख-लेखें जसद्वारा थाहा लग्दछ कि तुलसीदासले जुन दोहा-चौपाई छन्दको प्रवन्ध-पद्धति ग्रहण गरे त्यसको आधार कहाँ थियो। राहुलजीको दोहाकोशको प्रस्तावना एउटा अत्यन्त महत्वपूर्ण शोध निवन्ध हो।

यस्तै प्रकारको कार्य उनले कुतुबमश्तरी आदि दक्षिणी ग्रन्थहरुबारे गरेका छन्। त्यस ग्रन्थको नाँउ हो—'दक्खिनी हिन्दी-काव्यधारा।' यसको एउटा अर्को विद्वत्तापूर्ण भूमिकामा राहुलजीले प्रतिपादित गरे कि भाषामात्र होइन अझ विचार-वस्तुमा पनि दक्षिणका मुस्लिम सन्तहरुका यी रचनाहरुमा कतिपय भारतीय विम्बहरु कसरी लिइए र सूफी कवितालाई स्थानीय लोक-कविताको कल्पना-बन्धहरुसंग कसरी एकाकार गरि दिए। यस ऐतिहासिक महत्वको मौलिक साहित्यिक पुर्नचिन्तनको कार्यको एकखण्ड मात्र प्रकाशित हुन सक्यो। यी सबै राहुलजीका हिन्दी साहित्यको इतिहासप्रति दिइएका अवदानहरु हुन्।

सोमियट रुसबाट अन्तिम पल्ट फर्केपछि र सदरुद्दीन ऐनीका ताजिकभाषाका पुस्तकहरुको हिन्दी अनुवाद गरेपछि राहुलजीले, मातृभाषाहरुको आधारमा, हिन्दी प्रदेशका मानचित्रको पुनरांकनबारे आफ्नो आग्रह व्यक्त गरे। उनको यही धारणा थियो कि यी बोलीहरुको आधारमा भिन्न-भिन्न राष्ट्रक हरु थिए। उनी चाहन्थे कि भोजपुरी, मैथिली, व्रज, अवधी, बुंदेली, मालवी, राजस्थानी आदि प्राथमिक शिक्षाको माध्यम बनुन्। भोजपुरीमा उनले आठवटा नाटिकाहरु पनि लेखे। उनी विश्वास गर्दथिए कि प्रभावशाली हुनलाई लिखित खड़ीबोली हिन्दीले बोलचालको भाषाको धेरै निकट हुनु पर्छ। उनले यसै कारण 'भागो नहीं दुनियाको बदलो' कठिन संस्कृत औ फारसी शब्दहरुदेखि बचाएर पूरा किताब लेखे। यद्यपि उनी कृत्रिम हिन्दुस्तानीको खिल्ली पनि उड़ाउँछन्, किनकि उनी मान्थे कि त्यसमा महान् साहित्यको रचना सम्भव छैन (सुमित्रानन्दन पन्त वा इकबालको कविताहरु लिउँ। यी हिन्दुस्तानीमा कसरी लेख्न सकिन्छ? 'आत्म-कथा' भाग—2 मा उनले सोधनी गर्छन्) तर जनसाधारणमा तथा किसानहरु माझ काम गर्दै उनी यस सिद्धान्तसम्म पुगेका थिए कि भाषालाई यदि जनतासम्म

पुर्‌याउनु हो भनेदेखि त्यो काम कोशहरुको नकली भाषाको आधारमा होइन, तर लोक-व्यवहारको भाषामा नै हुन सक्छ। उनले डा० रघुवीरको कृत्रिम, क्लिष्ट संस्कृतनिष्ठ शब्द-निर्माणको आलोचना गरेका थिए।

'शासन-शब्दकोश' (विद्यानिवास मिश्र र प्रस्तुत लेखकद्वारा राहुलजीको सहयोगले सम्पादित, र हिन्दी साहित्य सम्मेलन प्रयागबाट 1948 मा प्रकाशित) को भूमिकामा हिन्दी साहित्य सम्मेलनका सभापतिको अधिकारले राहुलजीले कोशनिर्माणको एउटा नीति दिएका छन्। यस कोशमा मूल अंग्रेजी शब्दहरुपछि दोस्रो कालममा जतिपनि प्रचलित प्रतिशब्दहरु हिन्दी कोशहरुमा उपलब्ध थिए, जसमित्र डा० रघुवीरका विचित्र नयाँ शब्दहरु पनि थिए, ती सबै दिइएका छन्, तर पहिलो कालममा राहुलजीले आफुले मनपराएका अर्थात् अधिक उपयुक्त शब्दहरु दिएका छन् जसमा सरलतर र अधिक प्रचलित शब्दहरु दिइएका छन्, जस्तै अंग्रेजी एकेडेमीको हिन्दी पर्याय अकादेमी दिएका छन्, इत्यादि।

राहुलजीलाई लोकगीत, लोककथा र लोकनाटक अत्यन्त प्रिय थिए। उनले भोजपुरी लोकगायक विसरामबारे एउटा लेख लेखे। विसरामको युवावस्थामा मृत्यु भएको थियो, तिनका भोजपुरी गीतहरु उनले एउटा पुस्तकमा संकलित गरेर छपाएका थिए। यसरी बुंदेलखण्डी लोककवि ईसुरीबारे पनि उनले लेखे। उनी डा० राजेन्द्रप्रसादसंग भोजपुरीमा र डा० अमरनाथ झासंग मैथिलीमा बातचीत गर्थे। नैनीतालमा ओकलजमा आफनो घरको छिमेकीमा एउटी वृद्धा महिलाको मुखबाट सुनेर ती सबै नोट गरेर राहुलजीले' आदि हिन्दीकी कहानियां और गीत' पुस्तक लेखे। उनको विचार थियो ! कि आधुनिक खड़ी बोली हिन्दी की जननी हो आगरा-मेरठमा बोलिने कौरवी बोली। ती लोकगीत र लोककथाहरुमा हरियाणवी र व्रजको प्रभाव छ, त्यसरी नै कतिपय उर्दू शब्दहरुको प्रयोग पनि छन्।

राहुलजीले हिन्दीलाई राष्ट्रभाषा मान्थे र यस कुराका उनी कट्टर समर्थक थिए। तर पनि उनी संकीर्ण वा अंधराष्ट्रवादी थिएनन्। उनले मान्थे कि हिन्दीका साथसाथै यसका सबै उपभाषाहरु जस्तो यी भाषाहरुलाई मान्थे। जस्तै अवधी, भोजपुरी व्रज, मैथिली राजस्थानी आदि यति विकसित होउन् कि प्राथमिक शिक्षा-ती भाषाहरुको मध्यमले दिनसकियोस्। उनको मातृभाषाहरुप्रति यो आग्रह उनका आलोचकहरुद्वारा हिन्दीको विखण्डनको रुपमा देखियो। तिनीहरु भन्नथाले कि भारतमा यो सोमियट पद्धति ग्रहणभनें जस्तै कुरा हुन्छ। गत महायुद्धको समयमा स्वयं भोजपुरीमा कतिपय एकांकी नाटकहरु लेखिए। यी सबै कुराहरु तीस वर्ष पुराना हुन् जब मैथिली, राजस्थानी, नेपाली आदि भाषाहरुलाई साहित्यिक मान्यता दिने प्रश्नबारे सोचिन्दैन पनि थियो, वा त्यसको चर्चामात्र हुन्थ्यो। पछि साहित्य अकादमीले यो भाषाहरुलाई मान्यता दिएको छ। यसप्रकारले भाषिक अल्पसंख्यकहरुलाई सुरक्षा दिने र तिनीहरुको पक्षमा लड़ाई गर्ने राहुलजी नै सबै

भन्दा प्रथम अग्रणी थिए । तर, दुर्भाग्य ले 1948 मा, वम्बईमा हिन्दी साहित्य सम्मेलनको अधिवेशनमा उर्दूको लागि देवनागरी लिपि स्वीकार गर्ने जोड़दार, अपीलले उनको विराधमा कटुविवाद शुरु गरिदियो र केही उर्दूभाषी कम्युनिस्ट-हरुले राहुलजीलाई कम्युनिस्टपार्टीवाट निष्काषित गर्ने प्रयत्नमा सफलता पाए ।

राहुलजीद्वारा मातृभाषाहरुको समर्थनमा जहाँ अत्यन्त कटु आलोचकहरु एक-पट्टिट थिए, त्यहीं वनारसीदास चतुर्वेदी, डा० वासुदेवशरण अग्रवाल, पं० क्षेत्रेश चटट्टोपाध्याय तथा डा० उदयनारायण तिवारी जस्ता यस विषयका आग्रही सह-चिन्तकहरु पनि थिए । यशपाल जैनको मधुकर पत्रले यसै विचारधाराको समर्थन गर्दथ्यो । तर भारतका राज्यहरुको भाषावार पुन:रचनाको रिपोर्ट प्रकाशित भयो र सरदार के० एम० पणिक्करको निषेधात्मक टिप्पणी हुँदाहुँदे पनि, हिन्दी भाषी प्रदेशहरुलाई अव अरु विभाजन गर्न सदाको निमित्त रोकियो ।

राहुलजीले यस दिशामा अझ एउटा अग्रणी काम गरे । नागरी प्रचारिणी सभाद्वारा प्रकाशित वृहद् हिन्दी साहित्यकी इतिहासको एउटा पूर्णखण्ड उपभाषा-हरु को साहित्य लिएर उनले सम्पादित गरे । यी मातृभाषाहरुका एक-एक विद्वान् द्वारा यी भाषाहरुबारे र तिनको साहित्य वारे एक-एकवटा विस्तृत लेखहरु लगा-इएको छ, जस्तै—भोजपुरी, मैथिला, मगही,अवधी, व्रज, बुन्देलखण्डी, राजस्थानी मालवी, निमाड़ी, नेपाली तथा हिमाचल प्रदेशका कतिपय पहाड़ी उपभाषाहरु-माथि । राहुलजीलाई मात्र यसै कार्यको निम्ति राष्ट्रीय सम्मान दिइनु पर्ने थियो-तर 'पदमभूषण' उनको जीवनको सन्ध्याकालमा आयो, जब त्यसको मूल्य उनको निमित्त केही पनि थिएन-त्यसवेलासम्म उनको स्मृतिशक्तिले उनलाई छोड़िसके-को थियो ।

# 4

# साहित्यलाई देन

राहुलजीको व्यक्तित्व र उपलब्धिहरु अनेकमुखी र विविध प्रकारका थिए। अत: उनको राजनैतिक लेखन वा भाषा-सम्बन्धी विचार अथवा सामाजिक क्रान्ति-कारिता [उनले एउटा सार्वजनिक सभामा हिन्दूहरुले गोमांस खानैपर्छ, भनेर प्रतिपादन गर्दा सनातन हिन्दू विश्वासी श्रोतृसमाजले उनीमाथि ढुंगाको वर्षा गरेका थिए] अनि विवादास्पद विषयहरुमाथि अरु कुरा लेख्नभन्दा हिन्दीसाहित्य-प्रति उनको देन के थियो यसै विषयसम्म हामीले आफुलाई सीमित राख्यौं भने उचित होला। यस अध्यायमा उनको विचार-वस्तु र शैलीका केही झलकहरु प्रस्तुत गरिने छ उनकै रचनाहरुका केही उद्धरणहरुद्वारा।

भिन्न-भिन्न दिशामा तानेर लैजाने दुई परस्पर विरोधी कुराहरुको संतुलन र समन्वय उनका विचारहरु र जीवनपद्धतिमा प्रत्येक स्थलमा देखिन्छ। यद्यपि उनको मानसिक संस्कार परम्परावादी ब्रह्मणवंशको थियो, त्यसको पूर्ति उनले बौद्ध धर्म प्रति गहिरो आस्था राखेर गरे। सनातन बहुदेववादको प्रतिवाद आर्यसमाजी हरुको मूर्ति-पूजा-विरोध तथा वेदहरुलाई अन्तिम ग्रन्थ-प्राभ्राण्यद्वारा गरे। पछि त्यसलाई पनि उनले छोड़िदिए। उनले संस्कृत र अरबी भाषा पंडितहरु र मौलवीहरु बाट सिके। पालि भाषा भारत, श्रीलंका नेपाल, तिब्बतका बौद्धभिक्षुहरुबाट सिके। तर पनि उनले आफ्नो मनलाई मुक्त राखे—प्राचीन व्याकरणहरु र सूत्रकारहरुको साँचोमा आफ्नो मनलाई पूर्णरुपले बांधिहालेनन्। अर्का तिर, उनले सदैव अपभ्रंश भाषाहरुको, अनपढ़-किसान-मजदूर हरुको टूटे-फूटेको जनभाषाको सदैव समर्थन गरिनै रहे। उनले स्वेच्छापूर्वक आफुलाई वर्गहीन बनाउँदै गए। एकजना कट्टर व्यक्तिवादी जसले सानै उमेरदेखि नै सबै पारिवारिक बन्धन तोड़िदिएका थिए, उनी नै सर्वहारा वर्गका अधिनायकवादको नयाँ विचारधाराका प्रचारक र प्रमुख उद्गाता बनिए। रुसमा कोलखोज सामूहिक खेती र चीनमा कम्यूनहरु देखेर उनी अत्यन्त आनन्दविभोर भएका थिए र त्यसको मुखर प्रशंसा गर्दछन् उनी। उनले

उति नै तीव्रतासंग मठ र विहारहरुका साधुहरुको गुप्त एवं खुल्ला संगठन-हरुको, लामाहरुको एकछत्र धर्मराज्य-शासनको आलोचना र निन्दा गर्दछन्। सामान्य रुढ़ अर्थमा उनी धार्मिक थिएनन् तर उनीमित्र कतै एउटा गहिरो निष्ठा अनि भारतीय सांस्कृतिक मूल्यहरु प्रति उत्कट प्रेम थियो। भारतमा एउटा राष्ट्र-भाषाको आग्रहमा उनले 1948 मा तत्कालीन कम्युनिष्ट पार्टीको भाषानीतिबाट आफुलाई अलग गरिदिए। यहां हामी एकतिर राहुलजी औ अर्कोतिर सज्जाद जहीर औ डा० रामविलास शर्माले जुन भाषासम्बन्धी सैद्धान्तिक रूढ़ि ग्रहण गरे, तिनको गुण-अवगुणको चर्चामा पर्न चाहँदैनौ। यहाँ मात्र यो समझाई रहेछौं। कि राहुलजीको चिर अशान्त आत्मामा यो जुन निरन्तर अन्तर्द्वन्द्व, चलि रहन्यो त्यसले उनको हिन्दी लेखनलाई एउटा विलक्षण विशेषता वा गुण प्रदान गरयो।

दैनिक डायरी लेखनमा उनी अत्यन्त सहज र जिज्ञासु थिए। आत्मकथा लेख्दा हुँदि यी डायरीहरुको उनले ठूलो आधार लिएका छन्। यस लेखनमा एक प्रकारको द्विविध दृष्टि देखिन्छ: राहुलजी जुन भोक्ता छन्, ती साक्षी राहुलदेखि भिन्न छन्। एकतिर अव्यवस्थित शिक्षणको अभावको पूर्ति उनी यति प्रकारका औ यति अधिक ज्ञान—हर विषय-वस्तुको, हरज्ञान-विज्ञानको शाखा-प्रशाखाहरुको—जम्मा गरेर भन्न चाहन्छन् जुन चाँहि एकजना मनुष्यको लागि सम्भव हुँदैन। जब-उनी आफ्नो यस बौद्धिक आभास···।आभासभा आनन्द लिइरहन्छन्, त्यहीं त्यसैका साथै अचेतन भावले उनी हिमालयका सीमामा एक विराट दृश्यको निरीक्षण गर्न औ त्यसको वर्णनको निमित्त रोकिन्छन्, वा फेरि आफ्ना समग्र सचित भावनाहरु कुनै-शोषिता ग्रामीण नारीको दशामा दया देखा प्रतिउनमा पोखिदिछन् अथवा कहिले—कहिले उल्किंदै नम्र विनोदसंग तथाकथित प्रतिष्ठाप्राप्त ठूलाठालूहरुको पोल खोलिदिन्छन् तिनीहरु को अनाचारबारे टीका-टिप्पणी गर्दछन्। उनको शैली विषम छ, तर पाठक कतै पनि साहित्यिक सौन्दर्यको अभावले चिन्तित हुंदैन किनकि हर क्षणमा उसको साक्षात्कार कुनै अचम्भित गरिदिने झक्झक्याइ दिने नयाँ अनुभवद्वारा भइरहन्छ—एउटा यस्तो कल्पनाको वर्णनको अभूतपूर्व अनुभूत चमत्कारसंत उ अभिभूत हुँदै जान्छ। सामान्य पाठकको कल्पनाशक्ति हुनत सबै समयमा कुकुत्याइरहन्छ, राहुलीले पन्नाको पन्ना नयाँ ज्ञानको जानकारी दिंदै गइ रहेछन्। अर्को सन्दर्भमा —यस्तो जानकारी नीरस सिद्ध हुन्छ। पाठक राहुलजीसंग सांस्कृतिक, नृवंशशास्त्र, पुरातत्व, समाजशास्त्र, धर्मशास्त्र, भाषाशास्त्र वा साहित्यिक खोजीका नयाँ-नयाँ गहिर्याइहरुका सहभागी हुँदै जान्छ। एउटा अज्ञात प्रदेश र अज्ञात क्षेत्रको यस अनन्त यात्रामा, यस ज्ञानको खोजीमा, मानवीय प्रयत्न-हरुको यस प्रचण्ड उत्खनन्मा पाठकले राहुलजीको साक्षित्व र सहानुभाव प्राप्त गर्दै जान्छ। व्यर्थता र उराठ लाग्ने भावले उसलाई थिच्दैन, किनकि राहुलजीको लेखनीमा यस्तो शक्ति छ कि त्यसले सामान्य अनुभवमा पनि केही असामान्य देख्न

थाल्छ, अनि यो शोध-प्रक्रिया यति आकर्षक र संक्रामक हुँदै जान्छ ।

राहुलजीले मानौं अंग्रेज कवि कीट्सको घुमक्कड़ीलाई आफनो जीवन-दर्शन बनाएका छन्—"कल्पने, तं संधै बरालिरहेस्, सुख छैन घरमा, नअड़की बसेस् ।" 'घुमक्कड़ शास्त्र'मा उनी रोमान्टिक पलायनवादको समर्थन गर्दैनन्, तर अनासक्तिको एउटा पूर्ण कार्यक्रम तयारी गरिदिन्छन् र साथै यस जीवनरूपी खुल्ला पुस्तकको प्रत्येक अक्षरलाई ध्यानपूर्वक पढ़दै जाने आदेश दिन्छन् । उनको बाल्यकालदेखि नै साधुको रुपमा उम्मीदवारी, उनको आर्यमुसाफिरी (घुमक्कड़ी प्रचारक), पछि किसान सभाको राजनीतिमा सक्रिय भाग लिनु, तिब्वत र सोमियट रुस जस्ता दुई एकदम परस्पर विरोधी देशहरुका यात्राले उनलाई एकजना आदर्श घुमक्कड़ वनाइदिन्छ ।

जुन व्यक्तिहरुलाई उनी मनपराउँछन्, जसको प्रशंसापूर्ण जीवन चरित-रेखाहरु उनले अंकित गरेका छन्—यस्ता विशेषणहरु घरि-घरि आउँदछन् जस्तै—घुमक्कड़राज नरेन्द्रयश वा घुमक्कड़ मट्टदिवाकर, वा महानपर्यटक किन्थुप अथवा पर्यटक नैनसिंह, फक्कड़ वाबा इत्यादि । यात्री, स्वामी, भिक्षु, भदन्त, महन्त, परिव्राजक, ब्रह्मचारी, बाबा मानिसहरुलाई उनी मनपराउँछन् । 'अतीत' से वर्तमान र 'जिनका मैं कृतज्ञ हूं' नामक दुईवटा पुस्तकहरुमा मात्र साधुहरु नै छैनन्, तर विद्वान्हरु पनि छन्, कतिपय धर्म र विश्वास भएका महापुरुषहरु पनि छन्—हिन्दू सिख, बौद्ध, जैन, ईसाई र नास्तिक पनि । यी पुस्तकहरुबाट चारवाटा उद्धरणहरुले उनको मनको उदारताको परिचय दिने छन्—

## आचार्य नरेन्द्रदेव

"नरेन्द्रदेवजी बुद्धिवादी थिए र अन्तसम्म बुद्धिवादी नै रहे । कति मानिसहरुमाथि बुढ़ेसकालमा अर्कै रंग चढ़ेको हुन्छ, तर यिनीमाथि कहिल्यै चढ़ेन । पंथवादीहरुमाथि व्यंग्य गर्दै एउटा गोष्ठी वनाएर उनले पनि एउटा पंथ स्थापित गरे, जसको नांउ राखे 'चोंचपंथ ।' चोंछपंथ का पैगम्वर आचार्यजी नै थिए, तर यस पंथमा पैगम्बर र अनुयायीहरुमा सय-पचास गज त टाढ़ै रहोस् दुई ऐंचीको पनि अन्तर थिएन । सबै साथी-भाई र समवयस्क थिए । जब उनीहरु भेट गर्थे, दाहिने हातको हत्केलाले चुच्चो 'चोंच' को रुप बनाएर 'जय चोंच भगवान' भनेर परस्पर अभिवादन गर्थे···आचार्य नरेन्द्रदेव विद्वान्, गम्भीर चिन्तक, विनोदी हुनको साथै आदर्शवादी पनि थिए । उनी ठान्दथिए कि समाजको हित-सुख समाजवाद द्वारा नै हुन सक्दछ । यसैले उनी यस समाजवाद तर्फ आकृष्ट थए । मार्क्सले उनलाई निकै प्रभावित गर्यो अनि सदैव मार्क्सवादी—समाजवादी नै रहे । यस विषयमा हामी दुवै एकै मतका थियौं, यद्यपि मलाई कम्युनिज्मले आकृष्ट गर्यो र उनी चाँहि सोशलिस्ट थिए । यी दुवै पार्टीहरुको सम्बन्ध राम्रो रहेन, तर पनि हाम्रो वैयक्तिक

सम्बन्धमा कुनै अन्तर आएन ।···नमक सत्याग्रहको समयमा म काशीविद्यापीठमा थिएँ । हाम्रो सल्लाह भयो कि मार्क्सको कम्युनिस्ट घोषणापत्रको हिन्दीमा अनुवाद गरियोस् । हामी दुवैले मिलेर यसको अनुवाद गर्‍यौं । त्यसको केही फर्माहरु प्रेमचन्दजीको प्रेसमा छापिए पनि···।

—'जिनका मैं कृतज्ञ हूं' पृष्ठ 183-184 ।

## साथी महमूद

"यद्यपि महमूदको अग्लो बलिष्ठ शरीर हेर्दा रोबिलो पठानको प्रभाव मनुष्य-माथि पर्दछ, तर उनको केशहीन मुखमा सदैव विराजमान मधुर मुस्कानले उनलाई अर्कै रुपमा प्रस्तुत गर्दछ। मैले प्रथम पल्ट महमूदलाई देवली क्याम्प झेलमा देखेको थिएँ । उनी वेसी बोल्ने खालका व्यक्ति थिएनन्, यसो भनौं कि काम परेको बेला मात्र उनको जिब्रो खुल्दथ्यो । उनको लेखनीमा शक्ति थियो, यसको पनि उपयोग उनी बड़ो संयमसंग गर्ने गर्थे···। देवली क्याम्पमा रहँदाहुँदि पुस्तक लेखन-का निमित्त मलाई केही पुस्तकहरुको आवश्यकता थियो, जुन हाम्रा बड़ा-वड़ा पुस्तकालयहरुमा पनि दुर्लभ थिए। महमूदले ती पुस्तकहरु पढ़िसकेका थिए र उनले पुस्तकहरु मकहाँ पठाइदिए । महमूद अत्यन्त मधुर स्वभावका थिए । उनी सर्वतोभद्र थिए।चारैतिर उनको भद्रता र परोपकारको वर्षा हुन्थ्यो। उनी कम्युनिस्ट थिए । कम्युनिस्टको जस्तो किसिमको रूक्खो सूक्खो चित्र जनताको सामु राखिन्छ, त्यो देखेर मनिसहरुलाई महमूदको रूपद्वारा विश्वास नै लाग्दैन होला कि कम्युनिस्ट को यस्तो पनि रुपहुन्छ मनेर, अथवा कम्युनिस्टहरु यस्ता पनि हुन सक्छन् भने मीठो वचन स्वभाव भएको अर्को मान्छे चाँहि कुन हुन सक्छ होला ?···कति समयसम्म उनी पण्डित जवाहरलाल नेहरुका प्राईभेट सेक्रेटरी थिए । मान-सम्मान, प्रभुता-वैभवले उनलाई आफुतिर तान्न सकेन । जहाँ आफनो आदर्श र सिद्धांतको प्रश्न आउँदछ, त्यहाँ उनी अलिकति पनि निहुरिन तयार थिएनन् ।"

—जिनका मैं कृतज्ञ हूं, पृष्ठ 237-238

## अकादमीशियन बरान्निकोभ

अलेक्सी पेत्रोविच वरान्निकोभलाई भारतका मानिसहरु उति चिन्दैनन् जति कि चिन्न पर्ने थियो । लल्लूलालजीको प्रेमसागर र तुलसीको रामचरितमानसको उनले रुसी भाषामा अत्यन्त सुन्दर अनुवाद गरेका छन् । तुलसीकृत रामायणको अनुवाद गर्नमा मात्र आफनो विद्वत्ताको होइन अझै श्रद्धाको पनि उनले खुबै राम्रो परिचय दिएका छन् । उनले तुलसीको अमर काव्यलाई पद्यबद्ध अनुवाद गर्दै यो पनि चेष्टा गरे कि चौपाई, दोहा र अरु पद्यहरु उति नै अक्षर भएका रुसी छन्द-हरुमा अनुवादित गरिउन् । जुन बेला यो पुस्तक प्रेसमा थियो र त्यसको लागि

चित्रहरुको चयन भइरहेको थियो,त्यसवेला यी पंक्तिहरुका लेखक पनि लेनिग्राडमा थिए औ अनेक पल्ट चित्रहरु र अरु कुराहरुको सम्बन्धमा हाम्रो वार्तालाप भइर-हन्थ्यो । तिन्ताक भारतसंग रुसको राजनैतिक सम्वन्ध स्थापित भएको थिएन। जव एक-दुई रामायणको पुटाना सचित्र प्रतिहरुको सम्बन्ध था हा लाग्दा वरान्निकोभले आफनो रुसी अनुवादमा यी चित्रहरु पनि दिन पर्छ भनेर चित्रहरु प्राप्त गर्न धेरै कोशिश गरे। काशी नागरी प्रचारिणी सभाले यसवारे उनको सहायता गरेको थियो जसको लागि उनी साह्रै नै कृतज्ञ थिए। उनी ठूला भाषाविद् थिए। उनले मलाई भनेका थिए कि सीगान जिप्सी रोमनी-डोमनी भाषा वोल्थे औ तिनी-हरु भारतवाट गएका थिए।

—'अतीत से वर्तमान', पृष्ठ 94-102

## नेपाली महाकवि देवकोटा

"जनवरी 1943 मा म पांचौं खेप नेपाल गएँ अनि मेरो स्वागत गर्दै मेरा निम्ति 'विदेशी अतिथि' शव्द प्रयुक्त गरे। म त्यसलाई 'नेपाललाई' विदेश मान्न सक्तिन। त्यसै हिमाचलका वरपुत्र हाम्रा कवि पंत हुन् जसको दोस्रो श्रेष्ठ पुत्र महाकवि लक्ष्मीप्रसाद देवकोटा हुन्। महाकवि देवकोटामा हामी पंत-प्रसाद-निरालालाई पूर्ण रुपमा पाउँद छौं। निरालाका केही अरुगुणहरुपनि उनमा विद्यमान छन् यद्यपि उति मात्रामा होइन। असाधारण प्रतिभा कहिले-कहिले पागलपनको सीमारेखा-सम्म पुग्न खोजेको देखिछ, यही कुरो देवकोटामा पनि छ। उनले नेपाली र अंग्रेजी-मा सवै मिलाए र, आज 44 वर्षको आयुमा 80 वटा पुस्तकहरु लेखेका छन् जसमध्ये 26 वटा चाँहि लुप्त भए अथवा च्यातिए। 1934 मा उनको गरीव शीर्षक पहिलो कविता प्रकाशित भयो। त्यसै वर्ष उनले 'मुनामदन' नामक खण्डकाव्य लेखे। यस खण्डकाव्यमा प्राकृन्तिक दृश्यहरुको र नायकको तिब्बत-यात्राको सुन्दर वर्णन छ। उनले कविता, कहानी, नाटक, निवन्ध इत्यादि लेखेका छन्। उनी भाषाका जादूगर हुन्। आफनो भाषालाई उनले कतिवटा नयाँ शब्दहरु थपेर समृद्ध बनाएका छन्।

—'अतीत से वर्तमान', पृष्ठ 104-118

यात्रीहरुले यात्राको सम्वन्धमा सोधिनै रहन्छन् औ प्रत्येक यात्री श्रोताहरुको जिज्ञासा पूरा गर्नलाई केही भन्दछ पनि।···1914 मा मं आगरा मा थिएँ। त्यहाँ मं उपदेशक बन्न गएको थिएँ। त्यहाँवाट एउटा उर्दू खबरकागज निस्कन्थ्यो, त्यसैमा खण्डन-मण्डनको रुपमा आर्यसमाजी ढंगको कुनै लेख पहिलो पटक मलाई लेख्न कर लगाइयो। 1914 ई० मा नै मैले पहिलो हिन्दी लेख लेखें जुन चाँहि आधा कथा र आधा यात्राको रुपमा थियो, तर अधिकांश यात्रा-वर्णन नै थियो। सैंतीस वर्ष भयों, त्यसपछि मैले त्यो लेख हेर्न पाइन। 1921 ई० मा असहयोग आन्दोलनमा तथा राजनैतिक क्षेत्रमा मं काम गर्न थालें। 1921 को अन्त मा

मलाई सजाई दिइयो र मं छ महिनाको निमित्त झेल खटिएँ। 1918-1919 मा रुसी क्रान्तिका जुन खवरहरु छापिन्थ्ये,तिनमा कल्पनाको नून-खोर्सानी लगाएर मैले आफनो मनमा एउटा साम्यवादी दुनियाको सृष्टि गरिराखेको थिएँ। त्यसै दुनिया-लाई मं कागजमा उतार्न चाहन्थें।…यस प्रकार संस्कृत पद्यवद्ध कथा मैले संस्कृत काव्यको पाँच सर्गसम्म पुर्‍याएको थिएँ। अव त्यसलाई व्यर्थ ठानेर त्यसैको सट्टामा मैले 'वाईसवीं सद' पुस्तक लेखें। झेलमा मैले चारवटा अंग्रेजी उपयासहरुको भावानुवाद गरेर भौगोलिक र वैयक्तिक तवरले तिनको अधिकांश रुपले भारतीय-करण गरिदिएँ।…1934 ई० मा केही वास्तविक घटनाहरु लिएर कथा लेख्ने इच्छा भयो र एक-एकवटा गरेर मैले ती कथाहरु लेखें, जुन चांहि 'सतमीके वच्चे' पुस्तकमा संगृहीत छन्।…1938 मा मैले जीनेके लिए, नामक आफनो पहिलो उपन्यास लेखें। 1941 वा 1942 मा श्री भगवतशरण उपाध्यायको केही ऐति-ह्रासिक कथाहरु मैले देखें। यदि भगवतशरणजीले ऐतिहासिक कथाहरु परिमित संख्यामा लेखेर छपाएको भए सायद 'वोला से गंगा' नामक आफनो पुस्तक लेख्नमा मं हात लगाउने थिइन होला। 1942 ई० मा हजारीबाग झेलमा रहँदा हुँदि मैले 'वोल्गा से गंगा' का वीसवटा कथाहरु लेखें। मं आफना कथाहरुमा कुन चाँहिलाई राम्रो ठान्छु, यस वारे भन्नु मेरोनिम्ति कठिन हुनजान्छ। 'वोल्गा से गंगा' को कथा 'प्रभा' लाई अरुहरुले श्रेष्ठ भनेको मैले सुनें र सुनिसुनिकन नै मेरो पनि त्यस कथा-वारे यही धारणा हुन गयो, नत्र भने त्यसै संग्रहमा 'नागदत्त, प्रभा' र 'सुरैया' यी तीनवटा कथाहरुमा मं कमै अन्तर मान्दछु।

—'राहुल निवन्धावली', पृष्ठ 3-5

'वोल्गा से गंगा' कथासाहित्यमा राहुलजीको कीर्तिमान हो। वर्षौंदेखि यसलाई हिन्दीमा प्रगतिशील साहित्यको एउटा माइल खुट्टी मानिलिइएको छ। प्राचीनता-वादी र पुनरुत्थानवादी आलोचकहरुले भारतीय इतिहासका तथ्यहरुलाई यस पुस्तक मा मनपरि वदलिगरिएकोमा निकै आपत्ति गरेका छन्। मार्क्सवादीहरुले यसलाई ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादमाथि आधारित नयाँ स्पष्टीकरण भन्दछन्। यहाँ यसपुस्तकको विस्तृत वर्णन दिन उचित होला। वस्तुत यो एउटा इतिहास ग्रंथ हो जुन चाँहि कथात्मक रुपमा लेखिएको छ। प्रथम संस्करणको भूमिका मा 23-6-1942 को दिन उनले लेखे—

"मानव आज जहाँ छ, त्यहाँ आरम्भमा नै पुगेको थिएन। यसको लागि उसले ठूला-ठूला संघर्ष गर्न पर्‍यो। मानव-समाजको प्रगतिको सैद्धान्तिक विवेचन मैले आफनो मानव समाज पुस्तकमा गरेको छु। यसको सरल चित्रण पनि गर्न सकिन्छ र यसवाट प्रगतिको वारेमा वुझ्न सजिलो पर्न सक्छ, यसै विचारले मलाई 'वोल्गा से गंगा' लेख्न वाध्य गरायो। मैले यहाँ हिन्द-यूरोपीय जातिहरुलाई लिएको छु

जसमा भारतीय पाठकलाई सुविस्ता हुनै छ। मिस्री, सुरियानी वा सिन्धु जाति, विकासमा, हिन्दी यूरोपीय जातिमन्दा सहस्र शताब्दी अधि अग्रसर भएका थिए, तर उनलाई ग्रहण गरियों भने लेखक र पाठक दुवैको जटिलता वढ्न जाने छ। मैले हरेक कालको समाजलाई प्रामाणिक तवरले चित्रित गर्ने चेष्टा गरेको छु, तर यस्तो प्राथमिक प्रयत्नमा अशुद्धिहरु हुनु स्वाभाविक नै हो। यदि मेरो प्रयासले पछिका लेखकहरुलाई अधिक शुद्ध चित्रण गर्नमा सहायता गर्‍यो भने म आफुलाई कृतकार्य ठान्ने छु।

''बंधुलमल्ल' : बुद्ध को कालवारे मैंले एउटा स्वतंत्र उपन्यास 'सिंह सेनापति' लेखेको छु।''

यस पुस्तको आधारभूमि हो भारतीय-इतिहासको आठ हजार वर्षको अज्ञात र अंध्यारोमा रहेको प्राचीनतम कालदेखि 1942 सम्मको समय। पहिला चार-वटा कथाहरु प्रागैतिहासिक कालखण्डसित सम्वन्धित छन्—निशा, दिवा, अमृतश्व र पुरुहूत। यसमा ईस्वीपूर्व 6000 देखि 2600 ई० पू० सम्म का कथाहरु छन्। भदन्त आनन्द कौसल्यायानले यस पुस्तकको प्रशंसा गर्दै लेखेनका थिए—'यद्यपि यी कथाहरुको पुनःरचनामा कल्पनाको सहायता लिइएको छ, तर पनि यी मात्र फैन्टेसी होइनन्। यी कथाहरुमा जुन विशेषताहरु छन्, ती राहुलजीका यूरोपेली औ भारत-ईरानी शब्दशास्त्र तथा ऐतिहासिक भाषाविज्ञानको गहिरो अध्ययनको फल हो।''

वन-जंगलहरुको प्राकृतिक परिवेशमा बसोबास गर्ने आदिम मानवदेखि प्रारभ गरेर राहुलजीले मनुष्यको कृषि र पशुपालन अवस्थामा सामाजिक आर्थिक विकास-को रेखाको अध्ययन प्रस्तुत गर्छन्। जव पितृसत्तात्मक समाज सुप्रचलित भयो, तव दासप्रथालाई पनि धार्मिक आधार मिल्यो। रूढ़िवादी विधिहरुर कर्मकाण्ड मान्ने धर्मले त्यस समाजको विघटनमा सहायता पुर्‍यायो। राहुलजीले अरु यति मात्र भन्छन् कि वेद, ब्राह्मण, महाभारत, पुराण, बौद्ध अट्ठकथावाट उदाहरण दिइ-दिइकन इतिहासको यस भौतिक व्याख्यालाई समर्थन दिंदै जान्छन्। 'सुदामा' को कथा ऋग्वेदबाट लिइएको छ। 'वंधुलमल्ल' बौद्ध कथाहरुमा आधारित छ। 'नागदत्त' कौटिल्यको अर्थशास्त्र तथा काशीप्रसाद जायसवालको हिन्दू पोलिटी लाई, 'प्रभा' अश्वघोषको 'बुद्धचरित' अनि 'सौन्दरानन्द' लाई आधार मानेर लेखिएका छन्। रीज डेनिड्सको 'बुद्धिष्ट इण्डिया' मा पनि यसको ऐतिहासिक साक्ष्य पाइन्छ। ''सुपर्ण यौधेय' कालिदासका कविताहरुमा र 'दुर्मुख' वाणभट्को हर्षचरित' औ 'कादम्बरी' माथि लेखिएका छन्, अनि 'चक्रपाणि' 'नैषध' माथि। बीसवटामध्ये चौधवटा कथाहरु संस्कृत र पलि ग्रन्थहरुलाई आधार वनाएर लेखिएका छन्।

अन्तिम छवटा कथाहरु मध्ययुगीन र आधुनिक भारतीय इतिहाससित

सम्वन्धित छन्। वावा नुरुद्दीनको पार्श्वभूमि हो अलाउद्दीन खिलजीको राज्यकाल। 'सुरैया'मा अकवरको उदारहृदयता तथा उदार मतवादलाई आधार वनाइएको छ। 'रेखा भगत' मा व्रिटिश राजका अत्याचारहरुको स्पष्ट चित्र अंकित गरिएको छ। 'मंगलसिह (1857), 'सफदर' (1922), अनि 'सुमेर' (1942) ती कठोर सामाजिक, आर्थिक तथा राजनैतिक तथ्यहरुमा आधारित छन् जसलाई राहुलजी तथा उनीभन्दा अधिका पिढ़ीहरुले देखेका औ सुनेका थिए।

विद्वान्हरुले यस पुस्तकप्रति अनेक आरोप लगाएका छन्। कसैले भन्दछन् कि यसमा इतिहासलाई विकृत रुपमा प्रस्तुत गरिएको छ। कतिजनाले अनेक अन-ऐतिहासिकताहरु यसमा देख्तछन्। कतिले चाँहि यसलाई इतिहासको मनपरि तथा पूर्वाग्रहयुक्त चित्रण ठान्दछन् अनि यसबाट केही उदाहरणहरु यस प्रकार दिन्छन् (1) 'पुरुधा' औ 'अंगिरा' मा असुर जातिको वर्णन गरिएको छ। डा० भगवत-शरण उपाध्यायको भनाइ अनुसार असुरी र द्राविड़ जातिहरुको, सिन्ध नदीको तटमा मिश्रण भएको थियो। (2) बाल्मीकि रामयणको रचनाकाल राहुलजीले शुंगवंशको मानेका छन्। डा० रामविलास शर्माले त्यसमाथि व्यंग्य गरेका छन्— 'यो कस्तो नयाँ समाजशास्त्र हो? राम-शुंग-सम्राटका प्रतीक हुन् कालिदास को 'कुमार संभव' का कुमार कुमारगुप्तको प्रतीक हो। अब राहुलजीले यो पनि भनि दिउन् कि दशरथ, कौशल्या, सीता, रावणको मूल ऐतिहासिक आधार के हो?" डा० रामविलास शर्माले त आफनो वामपक्षी उत्साहद्वारा राहुलजीलाई मात्र होइन, अझै हजारीप्रसाद द्विवेदीजीलाई पनि ब्राह्मण संकीर्णतावादी तथा पुनरुत्थानवादी भनीदिएका छन् (3) 'सुपर्ण यौधेय' हूणहरुलाई पराजित गर्ने सम्राट समुद्रगुप्त बताइएको छ तर उ थिए स्कन्दगुप्त (4) 'दुर्मुख' मा हर्षवर्धनका भाई राज्यवर्द्धनलाई कान्यकुब्ज अधिपति मानिएको छ। वस्तुतः उ स्थाणेश्वरको (आधुनिक थानेश्वर को) शासक थियो। हर्षलाई क्षत्रिय सातवाहनहरुको वंशसित सम्बद्ध बताइएको छ, तर सातवाहनहरु ब्राह्मण थिए र तिनीहरु हर्षका पूर्ववर्ती थिएनन्। (5) जयचन्दको जस्तो प्रकारको चित्र कथामा छ, त्यो मूल ऐतिहासिक व्यक्तिसंग मिल्दो-जुल्दो छैन। मुस्लिम इतिहासकारहरुले उसलाई योद्धाको रुपमा चित्रित गरेका छन्। राहुलजीले उसलाई वृद्ध, विलासी स्त्री-लम्पट देखाएका छन्। 6 'सुरैया'मा नायिकालाई अबुलफजलकी छोरी देखाए छन्, जो टोडरमलको पुत्र कमलसंग बिहे गर्छे र दुवै यूरोप को यात्रामा हिंड़िहाल्छन् यसभा इतिहासलाई निकै टाढ़ासम खिचैर लगिएको छ।

यी जम्मै दोषहरु भएता पनि, यो पुस्तक अत्यन्त विशेषतापूर्ण छ। यसको पूर्ण प्रकल्पना र यसको निर्वाह दुवै नयाँ हुन्। आठ हजार वर्षको इतिहासलाई यस किताबको 386 अत्यन्त पठनीय पृष्ठहरुमा यस प्रकार भरिदिएका छन् कि जस्ते 'गाग्रीमा सागर' भरिदिए। यसमा एकजना आलोचक र सृजनशील लेखकको

संश्लिष्ट दृष्टिको परिपाक पाइन्छ। यसमा कथालेखकको कथन-कौशल र इतिहासकारको शुष्क विवरणकों लागि प्रेमको दुर्मिल संगम पाइन्छ। यस पुस्तकवारे साहित्य क्षेत्रमा ठूलो विवाद उठ्न गयो। केही गुमनाम साधुहरुले 'विश्वबन्धु' 'पत्रिकामा' नग्नवादी वेदनिन्दक राहुल' शीर्षक लेखमा निन्दा पनि गरे। तर यस पुस्तकको भारतीय स्वतन्त्रताभन्दा अघि यति लोकप्रियता थियो कि गोर्कीको 'आमा' झैं यसलाई पनि सहज रुपमा जम्मै भारतीय भाषाहरुमा अनुवादित गरियो अनि तिनका अनेक संस्करणहरु छापिए। अंग्रेजी, रुसी, चेक, पोलिस तथा अन्य विदेशी भाषाहरुमा त्यसको अनुवाद लोकप्रिय भए। राहुलजीका जम्मै लेखनहरुमा यो पुस्तक हिन्दीको मात्र होइन वरु जम्मै भारतीय साहित्यमा एउटा ऐतिहासिक देन हो।

राहुलजीले प्रेमचन्दको सम्वन्धमा लेखेका छन्—

"1915 को छ छेउछाउतिर त्यसै (जमाना मासिक) मा मलाई प्रेमचन्दको नाँउ र उनको लेखनीसित परिचय प्राप्त गर्ने अवसर मिल्यो। तर उनको दर्शन गर्ने अवसर घेरै पछिमात्र मिल्यो। उनको लेखनीको शक्तिलाई त्यस समयका मानिसहरुले पनि मान्न थालेका थिए, तर उनको शैलीमा जुन एउटा ठूलो गुण थियो त्यसलाई उनका समसामयिक हिंदी वा उर्दूका कतिपय विद्वान्हरुले दोषी ठान्दथिए। प्रेमचन्दको जीवन जस्तो सीधा र सादा किसिमको थियो, त्यस्तै प्रकारले उनी आफ्नो लेखनीलाई पनि अनावश्यक कृतिम सजावटका तत्वहरुले सज्याउन मनपराउँदैन थिए। उनी बहुजनहित का पक्षपाती थिए र बहुजनहिताय नै लेखे पनि। 1921 मा छपरा जिल्लामा आएर एक-दुई दिन त्यहाँको एउटा गाँउ रेवतियामा वस्न परयो। त्यहाँ प्रेमचन्दको दर्शन दोस्रो पल्ट भयो, अहिले पनि साक्षात् होइन मात्र उनका कृतिहरुद्वारा नै। रेवतिया जस्तो गांउँमा प्रेमचन्दका दुई-तीन कृतिहरु देखेर मलाई ज्ञात भयो कि प्रेमचन्दले हिन्दी पाठकहरुलाई एउटा नयाँ र उच्च दिशामा आकृष्ट गरेका रहेछन्। 1920 देखि 1930को दस वर्षमा प्रेमचन्दले राष्ट्रीयता, राजनीतिक जागृति, उच्च आदर्शको प्रसारमा जति काम गरे, त्यति घेरै लेखकहरुले मिलेर पनि गरेनन्। सायद 1926 को साल थियो···बनारसमा नै उनको साक्षात् दर्शन गर्ने अवसर पाएँ। मेरा सामु प्रेमचन्दको भाषावारे उर्दूका एकजना ख्यातिप्राप्त लेखक र कविले आक्षेप गरेका थिए कि उनले उर्दू जान्दैनन्, उनले त पूर्वको बोलीमा लेख्छन्। मलाई थाहा थियो कि यी साहित्यिक महाशय लखनऊका ती नवाबहरुका वर्गका हुन् जसले गहूँको पनि रुख हुन्छ भनिठानेका थिए। तिनको लचिलो उर्दूमा अरवीका शब्दहरु भरिएका हुन्छन्। यदि उनले स्वयं उपन्यास अथवा कथा लेखेका भए—सौभाग्य ले ईश्वरले चिण्डे टाउकेहरुलाई नङ्रा दिदैनन्—उनले होरीको मुखवाट आफुले मनपरेको भाषा बोल्न लगाउँथे। हिन्दीमा केही साहित्यकारहरुको पनि मनाई थियो कि—उनको हिन्दी भाषा

परिष्कृत र गहिरो छैन । हुन ता प्रेमचन्द भन्दा अघि पनि केही उपन्यास लेखिएका थिए होलान् तर तिनलाई विश्वका उपन्यासहरुको सामु राख्न सकिन्न । प्रेमचन्द-को यस विषयमा पहिलो प्रयास थियो । अन्तिम पल्ट जव मैंले प्रेमचन्दको दर्शन गर्ने, अवसर पाएँ, त्यस वेला म हिउदोमा सारनाथ गएको थिएँ । एकदिन प्रेमचन्द जी त्यहाँ आए । उनको गाँउ सारनाथदेखि एक-दुई माइल मात्र टाढ़ामा छ, जहाँ मैंले एउटा शिरविहीन प्राचीन मूर्ति पाएको थिएँ, त्यो कुनै देवताको मूर्ति होइन वरु एक प्राग्—इस्लामी वा आदि इस्लामी कालको पुरुष मूर्ति थियो, त्यो पनि कुनै कायस्थको । शिरका केशहरुको वनावट तथा गाँउका कायस्थहरुको प्रधानताले यसैतिर संकेत गर्दछ । हुन सक्छ कि त्यो मूर्ति प्रेमचन्द कै कुनै पूर्खाको हुँदो हो । मैंले त्यो मूर्ति प्रयाग संग्रहालयमा पठाइदिएँ । त्यहाँ गुन्द्रीमा वसेर जव हामी दुई कुराकानी गरिरहेका थियौं त्यस वेला मैंले सोचेकै थिइन कि यो हाम्रो अन्तिम वार्तालाप हो । हिउदो वित्दा नवित्दै मं तिब्बततिर हिंड़े र त्यहीं मैंले उनको निधनको खवर पाएँ । उनका कृतिहरुको जति श्रेष्ठ नामहरु छन् तिनैको मूर्ति प्रेमचन्दको रुपमा मैंले त्यसदिन आफनो सामु देखेको थिएँ । प्रेमचन्द भारतका अमर लेखक र कथाकार हुन् । अनेक शताब्दीहरु बित्दै जानेछन्, प्रेमचन्दले हेरेको देखेको, खेलेको, खाएको, रोएको, गाएको दुनियाको पृथ्वीमा कतै पनि नाउँ निशान रहने छैन, त्यसवेला प्रेमचन्दको यो चिन्तन थोरै मनोरंजक र उत्साहवर्धक नहोला ।"

'राहुल निवन्धावली', पृष्ठ 0-9 ।

दुई खण्डमा लेखिएको विशाल 'मध्य रशियाको इतिहास' बाहेक उनको संसारवारे दार्शनिक विचारधाराहरुको, भारतीय षड्दर्शनहरु तथा अन्य दर्शनहरु-संग तुलनात्मक अध्ययन हो उनको 'दर्शन-दिग्दर्शन' हिन्दीमा एउटै पुस्तकमा यति विवरणयुक्त विश्लेषण दिने अर्को पुस्तक छैन । वौद्ध दर्शनको लागि एक सय पृष्ठ र इस्लामी दर्शनको लागि सवा सय पृष्ठ यसमा दिरहएको छ ।

यहाँ 'दर्शन-दिग्दर्शन' को भूमिकाको प्रथम र अन्तिम दुई परिच्छेदहरुको उद्धरण दिने लोभ संवरण गर्न मं सक्तिन । यो ग्रन्थ सेण्ट्रल जेल, हजारीबाग मा 1942 मा लेखिएको थियो । यस उद्धरण द्वारा राहुलजीको जीवन र जगत् सम्वन्धी दार्शनिक दृष्टिकोणको सारतत्व हामीले पाउँदछौं, विशेषतः चौथो शताब्दीमा भारतीय परिस्थितिको विषयमा उनको दृष्टि स्पष्ट हुँदछ—

मानवको अस्तित्व पृथ्वीमा यद्यपि लाखौं वर्षदेखि छ, तर उसको बुद्धिको उड़ानको सवैभन्दा भव्य युग 5000-3000 ई० पू० हो जब कि उसले खेती, नहर, सौर पंचांग आदि-आदि कतिपय अत्यन्त महत्वपूर्ण तथा समाजको काया पल्टिदिने आविष्कारहरु गर्‍यो । यस प्रकारको मानव-मस्तिष्कको तीव्रता हामी

फेरि 1760 ई० को पछि देखि पाउँदछौं जबकि आधुनिक आविष्कारहरुको क्रम आरम्भ हुन्छ। तर दर्शनको अस्तित्व पुरातन युगमा थिँदै थिएन अनि दोस्रो युगमा त्यो एकजना बुजुर्ग हो जसले आफ्नो दिन विताइसकेका छन्। बूढ़ा हुनाले तिनको आदर अवश्य गरिन्छ, र तिनका कुराहरु तर्फ मानिसको ध्यान तबमात्र आकृष्ट हुन्छ जबकि उसले प्रयोग-आश्रित चिन्तन साइन्सको आश्रय लिन्छ। तर यस कुरालाई 'सर राधाकृष्णन' जस्ता पुराना ढर्राका धर्मप्रचारक मान्नका निम्ति तयार छैनन्। उनको भनाई छ—'प्राचीन भारतका दर्शनले कुनै पनि अर्को साइंस वा कलाको पुच्छर नभएर सदैव एउटा स्वतंत्र स्थान राख्तै आएको छ। भारतीय दर्शन साइन्स र कलाको पुच्छर रहेन होला, तर धर्म को पुच्छर त त्यो संधै नै रहिआएको छ अनि धर्म को गुलामी भन्दा तुच्छ दासत्व अरु के हुन सक्छ र?...

'विश्वव्यापी दर्शनको धारालाई हेरे यो थाहा हुने छ कि त्यो राष्ट्रीयको अपेक्षा अन्तर्राष्ट्रीय अधिक छ। दार्शनिक विचारहरु ग्रहण गर्नमा त्यसले कहीँ अधिक उदारता देखायो जति कि धर्मले एक-अर्काको देशका धर्महरु स्वीकार गर्नमा देखायो। दर्शनका विचारहरुको पछाड़ि आर्थिक प्रश्नहरुको कुनै सम्बन्ध थिएन—यसो भन्नु सरासर भूल हुने छ। तर पनि धर्महरुको अपेक्षा त्यसले एक राष्ट्रको स्वार्थलाई अर्कोमाथि लदाउने प्रयत्न अति कममात्रामा गरिरह्यो, यसै-कारण हामी जति गंगा, आमू-दजला र नालन्दा-बुखारा-बगदाद-कार्दोवाको स्वतन्त्र स्नेहपूर्ण समागम दर्शनहरुमा पाउँदछौं, त्यति साइन्सको क्षेत्रदेखि अलग कतै पनि पाउँदैनौ। हामीलाई अफशोच छ—समय र साधनको अभावले गर्दा, हामीले चीन-जापानको दार्शनिक धारा दिन सकेनौं, तर त्यो भएको भए पनि यस निष्कर्ष मा त कुनै अन्तर आउने थिएन कि दर्शनको क्षेत्रमा राष्ट्रीयताको राग आलाप गर्ने व्यक्ति स्वयं धोखामा छन् र अरुलाई पनि धोखामा लैजान चाहन्छन्।"

—दर्शन-दिग्दर्शन, पृष्ठ 5 र 8।

राहुल सांकृत्यायनजी, भारतीय र बौद्ध दर्शनको नयाँ व्याख्यामा मात्र अग्रणी नभएर प्रगतिशील विचारधारालाई भारतमा प्रचार गर्ने हरुमा पनि प्रमुख थिए। अनि उनले भारतीय सोभियत सांस्कृतिक सम्पर्क तथा विद्वान्हरुको आदान-प्रदान को पनि आधारशिला राखे। सोभियत रुसको तर्फबाट तब मिनायेफ, वरानिकोम र श्चेर्वात्सकी ले जति काम गरे, त्यही राहुलजीले एक्लै भारतको तर्फबाट गरे। समाजवादी स्वतन्त्र चिन्तक र सोभियत-वैज्ञानिकको नाताले यस क्षेत्रमा राहुलजी-को नांउ सबैभन्दा पहिलो र अग्रतम रहने छ।

उनको भाषा तथा साहित्य-विषयक सामान्य विचारहरु र विशेष गरेर हिन्दी एवं देवनागरी लिपिको आग्रहबारे अघि नै उल्लेख भइसकेको छ। उनले *समग्र उत्तर भारतमा, सरल हिन्दीलाई, सबले बुझ्न सक्ने खालको सर्वसाधारणको*

भाषा मान्दथिए। उनी अंग्रेजी वा कुनै विदेशी भाषाको विरोधी थिएनन्, तर अंग्रेजीको साहेबपना र दम्भ तथा अन्य भारतीय मातृभाषाहरुमाथि घमण्ड (हेठी) का उनी घोर विरोधी थिए। उनले मान्थे कि यो स्थिति अस्वाभाविक हो। तर उनी हिन्दी साहित्यको सीमादेखि परिचित थिए। उनी 1948 सम्म हिन्दीमा नाटकलाई सबै भन्दा कमजोर विधा मान्दथिए। वैज्ञानिक साहित्यमा पनि हिन्दी अन्य भारतीय भाषाहरुमन्दा पछाड़िएको थियो। उनी हिन्दी व्याकरणलाई सरल वनाउने पक्षमा थिए। उनले पाणिनिको उदाहरण दिएका छन् कि संस्कृतमा पनि उनले कति उदीच्य र प्रतीच्य भेदहरुलाई स्वीकार गरेका थिए। राहुलजी देवनागरी लिपिमा मोनोटाइपको सुविधाको लागि सुधार गर्न चाहन्थे। उनी हिन्दी र देवनागरीको शीघ्र विकास पनि चाहन्थे।

साहित्यको समीक्षामा उनी सामाजिक उपयोगिता भएको यस्तो प्रगतिशील साहित्यका पक्षधर थिए, जसले विकासशील जन-जनको अधिकाधिक आवश्यकता हरुलाई ध्यानमा राखोस्। उनी मात्र हात्ती-दांतको टाकुरासम्म सीमित औ मुट्ठीभरि समृद्ध, शिष्ट, सभ्रान्त मानिसहरुको लागि लेखिने साहित्यका विरोधी थिए। एक स्थलमा कथा-कवितामा स्थानीय रंग औ प्रादेशिकता अंकित गर्ने आवश्यकताबारे उनी लेख्छन्—

"हिन्दी साहित्यमा यस्तो पनि एउटा त्रुटि देखिन्छ। चाहे बिहारका धानका खेतहरु वा विस्तीर्ण मैदान हुन्, चाहे गढ़वालका देवदारु वृक्षहरुले आच्छादित हिमालयका पर्वतश्रेणीहरु वा शिखर हुन्, चाहे मारवाड़को भूमि होस्—वा जवलपुरको विन्ध्या अटवी, सबै ठाउँका लेखक र कविहरुले मानौं परस्परमा समझौता गरिसकेका छन् कि सकेसम्म उनीहरु आफना लेखहरुले यी स्थानीय दृश्यहरुलाई आउन दिने छैनन्। यसै कारण, हिन्दी साहित्यमा रचना वैचित्र्य आउन पाउँदैन।

—'साहित्य निबन्धावली' (1) पृष्ठ-8

उनले स्पष्ट शब्दमा भनेका थिए—"प्रगतिशील लेखक कुनै सम्प्रदाय वा सानो दलको हुँदैन। प्रगतिवादको उद्देश्य हो—बन्द रहेको बाटो खोलिदिनु र तिनलाई व्यापक वनाउनु। प्रगतिवाद कलाकारको स्वतन्त्रताको शत्रु हुँदैन, वरु कलाकारको दासत्व र बन्धनको शत्रु हुँदछ।"

उनको दृष्टिमा "प्रगतिशील लेखक जनताको लेखक हुन्छ। उसले जनताको भाषाको उपयोग गर्दछ र जनताको पक्षमा लेख्दछ। जनसाधारणको सबैभन्दा ठूलो मित्र तथा सहयोद्धा लेखक हुँदछ। उ तिनीहरुको नेता पनि हुन्छ। उ सिपाही पनि हुन्छ औ सेनापति पनि। यसैले उसलाई सदैव जनसाधारणको समानधर्मा तथा उनीहरुमध्येकै एउटा आफुलाई मान्न पर्दछ।"

यस्ता चिन्तक राहुलजी, स्वभावतः 'कला कलाको लागि' का विरोधी थिए।

उनी लोककला, लोकसंगीत, लोकनृत्यका पक्षमा थिए। उनी यी लोककलाका रुपहरुलाई मात्र म्यूजियमको वस्तु वा शहरीय मानिसहरुको मनोरंजनको माध्यम मान्दैन थिए। उनको विचारमा कला सोद्देश्य हुनुपर्छ र त्यो उद्देश्य दीन-दरिद्री तथा पछाड़िएका मानिसहरुको एउटा यस्तो असल समानतामा आधारित समाज-को निर्माणतर्फ हुने छ जहाँ हर एक मनुष्यलाई सर्वाधिक अवसर मिल्ने छ र अभाववाट मुक्ति।

अन्तमा उनको 'वुद्ध र गांधी' निवन्धका केही उद्धरण दिइ रहेझौं (पुस्तकमा यो टिप्पणी छ कि यो मूल अंग्रेजीमा लेखिएको थियो जसको मूल हरायो), जुन गांधीवध पछि हिन्दी मासिक पत्रिका 'आजकल'को 1948 को अंकमा प्रकाशित भएको थियो। यो 15 अगस्त 1947 र 20 जनवरी 1948 को वीच कुनै वेला लेखिएको हो। यसमा उनको गाँधी विरोधी पुरानो कटु आलोचना कि 'उनी स्वप्नदर्शी हुन्' वा 'उनी मात्र ठूला पूंजीपतिहरुका एजेण्ट हुन्, वा 'अहिंसक राम-राज्यमा विश्वास गर्ने आदर्शवादी हुन्' आदि सबै वदलिएका छन् यस श्रद्धांजलिमा उनी वुद्ध र गांधी यी दुई महापुरुषहरुको तुलना यसरी गर्छन्—

"वुद्धले प्राणिमात्रको भलाई चाहन्छन् सब्बे सत्ता भवंतु सुखी तत्ता।" तर उनी निष्क्रिय स्वप्नद्रष्टा थिएनन्। उनी यथार्थवादी थिए। अत: जव उनले आफ्नो शिष्यमण्डलीलाई कर्मक्षेत्रमा उत्रिने आदेश दिए, वौद्ध धर्मको प्रचार गर्ने प्रेरणा दिए, त्यस वेला उनले यो भनेनन् कि समस्त प्राणीहरुको हितको लागि प्रयत्नशील होउ, अपितु यसो भने कि वहुजनको हितको लागि वहुजनको सुखको लागि (वहु-जनहिताय वहुजन सुखाय) विचरण गर। उनले जानेका थिए कि धेरै जनहरुको हित र सुख कहिले-कहिले केही जनहरुको हितको विरुद्ध हुन् जान्छ। हाम्रो समाज विपरीत हितहरुमा विभाजित छ। उनको विचारमा आदिमानवहरुले सांसारिक वस्तुहरुको जुन प्रकारले उपयोग गर्दथिए, त्यही आदर्श थियो। त्यो लोभ जसले त्यस समानताको नाश गर्‍यो तथा वैयक्तिक सम्पत्तिलाई जन्म दियो, एउटा मौलिक अपराध थियो, जसको कारणले मानवताले अहिलेसम्म दु:ख भोगिरहेको छ र पछि पनि भोगिरहने छ। उनको मतानुसार यस वैयक्तिक सम्पत्ति को लोभ नै चोरीको जन्मदाता हो र चोरीद्वारा नै हत्या र कलहको उत्पत्ति भयो। यी नराम्रा कुराहरुदेखि वाँचनका निम्ति मनुष्यले राजाको खाँचोलाई स्वीकार गरे। तिनिहरुले मानव-समाजको यस रोगको कुनै औषधि पाएनन्। उनले आफ्नो ढंगले आफ्नै भिक्षुहरु र भिक्षुणीहरुमा साम्यवादको प्रचार गर्ने प्रयत्न गरे। अन्तिम उपदेश जो उनले गरे, त्यो यो थियो—"न हि वेरेण सम्पत्तीह कदाचन।"

वुद्धको पछि गांधीजी वाहेक अरु कुनै यस्तो महापुरुष भएनन् जसले सम्पूर्ण समाजलाई यति महान् सन्देश दिन सक्थे। उनको दर्शनमा वुद्धको मौलिकता छैन। यदि दार्शनिक पृष्ठभूमिदेखि अलग गरेर हेरियो भने, महात्मा गांधीको सत्य

र अहिंसा एक व्यक्तिको भ्रान्ति मात्र प्रतीत हुन्छ। गाँधीजी मानवमात्र का निम्ति हुन्। उनले जीवनभरि 'वहुजन हिताय' संघर्ष गरे। मं त यतिसम्म भन्न तयार छु कि यस उद्देश्यको पूर्तिमा उनलाई आफनो जीवनमा बुद्धले भन्दा अधिक कष्ट सहन गर्न परयो। बुद्धले यात्री दलहरु माथि घातक आक्रमण गर्ने अंगुलिमालसंग जानि-बुझिकन सामना गरे। महात्माजीलाई सैंकड़ों पल्ट मानिसहरुलाई वचाउनको लागि आफनो प्राण संकटमा हाल्नु परयो। जातिभेद मेटाउन तथा सहस्रों मनुष्यहरुको जीवन वचाउनका निमित्त दक्षिण अफ्रीकामा गांधीजीले वोअरहरुको विरुद्ध आफनो प्राणको वाजी लगाए। कलकत्ता, दिल्ली तथा अन्य स्थानहरुमा साम्प्रदायिक सद्भावना स्थापित गर्नको निमित्त गांधीजीले जति प्रयत्न गरे, त्यसबारे कसले जान्दैनन् र? उनी एक महान् आत्मा हुन्, यसमा कसले सन्देह गन सक्छ?

"यद्यपि गांधीजीले परमात्मा र अपरिवर्तनशील जगत्लाई मानिलिने खालको दर्शनमा विश्वास गर्छन् तर आफ्ना कार्यहरुमा उनीं जड़ छैनन्। वहुज हितायको विचार उनको नसा-नसामा बसेको छ जसले नजानिकन नै उनलाई आफ्नो व्यक्तित्वमा परित्रर्तन गर्न भनि विस्तारै विवश गरिदिन्छ। यो दुःखको कुरो हो कि उनले वुद्धको गतिपूर्ण दर्शनलाई आफ्नो लक्ष्य मानेर ग्रहण गरेनन्। धेरै दिनदेखि गांधीजीको एउटा नयाँ रूप प्रकट भइरहेछ, उनी भारतीय जनतालाई स्वतन्त्रता प्राप्त गराएर मात्र सन्तुष्ट देखिदैनन्, उनले तिनीहरुको आर्थिक स्वाधीनताको विषयमा पनि चिन्तन गर्न थालेका छन्। यसै द्वारा नै वास्तविक सामाजिक क्रान्ति आउने छ। बुद्धले झैं गांधीजीले पनि केही मानिसहरुद्वारा आफ्नो समाजमाथि प्रभुत्व राखेको र त्यसबाट उत्पन्न विषमतको अभिशापको अनुभव गर्न लागेका छन्। उनी खुल्ला शब्दहरुमा देशीराजाहरुको निरंकुशताको भर्त्सना गर्दछन्। यसद्वारा हाम्रो महान् समस्याहरुको विषयमा उनको दृष्टिकोण थाहा लाग्दछ। उनी समाजवादका कुराहरु पनि गर्दछन्, तर अधिक वल चाँहि उनी सत्य र अहिंसामाथि नै दिन्छन्। कुनै पनि व्यक्ति समाजवादी सत्यको शत्रु हुँदेन औ न कुनै व्यक्तिले समाजवादी हिंसाको निम्ति हिंसा चाहन्छ। वास्तवमा समाजवादी वा साम्यवादीहरुले हिंसालाई आत्मरक्षाको साधनको रुपमा स्वीकार गर्छन् औ त्यो पनि कहिले, जब समस्याहरुको शान्तिपूर्ण समाधानका साधनहरु वन्द हुन जान्छन् अनि आततायीहरुले हिंसकको रुपमा खुल्ला आक्रमण गरिदिन्छन्।

निकट भविष्यमा पूंजीपतिहरु र निरंकुश वर्गका असहनीय विशेषाधिकारहरुलाई समाप्त गर्नको निम्ति महान् संघर्ष हुनेवाला छ। मलाई पूर्ण विश्वास र आशा छ कि आफ्नो अहिंसाको सक्रिय शक्तिको कारणले वर्गातीत आतता उनी यीहरु भन्दा धेरै अधिक बलबान् छन्। तिनीहरु रगतफो एक थोपा पनि नवगाइकन जमीन्दारहरुका जर्जरित निष्क्रिय प्रणालीको अन्त गरेर समाजमित्रबाट सदा सर्वदाको

लागि वर्ग-जन्य अत्याचारको अन्त गरिदिने छन् । हाम्रोमा समय नितान्त कम छ । हामी उनको दीर्गायुको कामना गर्दछौं । तर गांधीजीको जीवनको सीमा त छँदै छ । के महात्माजीले यस विषयमा चाँड़ै नै निश्चय गर्नेछन् ओ त्यस महान क्रान्तिको जुन चाँहि अहिसात्मक हुने छ, नेतृत्व गरेर आर्थिक वर्गभेदलाई समाप्त गरी जनतालाई देशको वास्तविक स्वामी बनाउलान् ? उनको नेतृत्वले भारतलाई राजनैतिक रुपले स्वाधीन गराएको छ । इतिहास औ मानवताले उनको यस नेतृत्वको सदैव स्मरण गर्ने छ । यदि वृद्धावस्थामा आफ्नो परिपक्व अनुभव लिएर गांधीजी भारतीय जनतालाई आर्थिक बन्धनहरु एवं वर्गजन्य अत्याचारबाट मुक्त गर्नमा सफल भए भने उनले यो काम सम्पन्न गरेर जाने छन्, जुन चाँहि आफनो सद्भावना रहँदा पनि बुद्धले पनि गर्न पाएनन् । यदि यस्तो भयो भनेदेखि त मानव आनन्दको प्राप्तिमा महात्मा गाँधी भगवान बुद्धमन्दा पनि अगाड़ि बढ़ेर जाने छन् अनि इतिहासले उनलाई यसै रुपमा स्मरण गर्ने छ ।'

—'अतीत से वर्तमान', पृष्ठ 120-123 ।

परिशिष्ट

# राहुलजीको जीवनका प्रमुख घटनाहरु

9 अप्रैल 1893 ई०—ग्राम पन्द्रहा, जिला आजमगढ़, उत्तर प्रदेशमा मावलीघरमा जन्म। पिता-गोवर्द्धन पाण्डे। माता-कुलवन्ती देवी। चार भाईहरु र एउटी वहिनीमा सबैभन्दा ठूला। जन्मको नाम—केदारनाथ पाण्डे

1912-13—परसाठमा साधु एवं सम्भावित मठाधीश

1913-14—दक्षिण भारतको यात्रा

1922—वक्सर जेलमा छ महिना। जिला कंग्रेसका सचिव

1923-24—हजारीवाग जेलमा

1927-28—श्रीलंकामा संस्कृतका अध्यापक। बौद्ध साहित्यको अध्ययन

1929-30—तिब्बतमा सवा वर्ष

1932-33—इंगल्याण्ड र यूरोपको यात्रा

1934—तिब्बतको दोस्रो यात्रा

1935—जापान, कोरिया, मंचूरिया, सोभियत रुस र ईरानको यात्रा

1936—तिब्बतको तेस्रो यात्रा

1937—सोभियत रुसको दोस्रो यात्रा

1938—तिब्बतको चौथो यात्रा। पुत्र ईगोरको जन्म

1939—अमवारीमा किसान सत्याग्रह र झेल

1940-42—हजारीवाग जेल र देवली बन्दी क्याम्पमा

1943—चौंतीस वर्षपछि आफनो जन्मग्राममा। प्रथम पत्नीसंग भेंट उत्तराखण्डको यात्रा

1944-47—सोभियत रुसमा लेनिनग्राडमा प्रोफेसर

1947-48—हिन्दी साहित्य समेलन, इलाहाबादको अधिवेशनका अध्यक्ष

1950—मसूरीमा एउटा घर किने। पछि विक्री गरिदिए

1953—पुत्री जयाको जन्म

1955—पुत्र जेताको जन्म
1958 —चीनको जनवादी गणतंत्रमा साढ़े चार महीना
1859-61—श्रीलंकामा दर्शनको प्रोफेसर
दिसम्बर 1961—स्मृतिनाश
1962-1963—सोमियत रुसमा सात महिनासम्म चिकित्सा
14 अप्रैल 1963—मृत्यु

राहुल साँकृत्यायन जीलाई प्राप्त भएको सम्मान

1. महापण्डित—काशी पण्डित सभाद्वारा
2. त्रिपिटकाचार्य—विद्यालंकार परिवेण, श्रीलंका
3. साहित्य वाचस्पति—हिन्दी साहित्य सम्मेलन, इलाहाबाद
4. डी० लिट० (मानद)—भागलपुर युनीवर्सिटी, भागलपुर
5. डी लि० (मानद)—विद्यालंकार युनिवर्सिटी, श्रीलंका
6. पद्मभूषण—भारत सरकार

# राहुल सांकृत्यायन जी का कृतिहरु

## साहित्यिक कृति

### हिन्दी

**उपन्यास**

1. वाईसवीं सदी—1924 (प्रथम कृति)
2. जीने के लिए—1940
3. सिंह सेनापति—1944
4. जय यौधेय—1944
5. मधुर स्वप्न—1949
6. राजस्थानी रनिवास 1953
7. विस्मृत यात्री—1954
8. दिवोदास—1960

**कथा**

9. सतमी के वच्चे—1935
10. वोल्गा से गंगा—1944
11. वहुरंगी मधुपुरी--1953
12. कनैला की कथा—1955-56

**आत्मकथा**

13. मेरी जीवन यात्रा (5 खण्ड मा)
खण्ड 1—1944
खण्ड 2—1950
खण्ड 3-5—मरणोपरान्त प्रकाशित, 1967।

**जीवनीहरु**

14. सरदार पृथ्वीसिंह 1955
15. नये भारत के नये नेता 1942 (दुई खण्डमा)
16. वचपन की स्मृतियाँ—1953
17. अतीत से वर्तमान—(खण्ड-1) 1953
18. स्तालिन—1954
19. लेनिन—1954
20. कार्ल मार्क्स—1954
21. माओ-चे-तुंग—1954
22. घुमक्कड़ स्वामी—1956
23. मेरे असहयोग के साथी—1956
24. जिनका मैं कृतज्ञ हूँ—1956
25. वीर चन्द्रसिंह गढ़वाली—1956
26. सिंहल घुमक्कड़ जयवर्द्धन—1960
27. कप्तान लाल—1961 (अन्तिम कृति)
28. सिंहल के वीर पुरुष—1961
29. महामानव बुद्ध—1956

**यात्राहरु**

30. मेरी लद्दाख यात्रा—1926
31. लंका—1926-27
32. मेरी यूरोप यात्रा—1932

33. मेरी तिब्बत यात्रा—1937
34. यात्रा के पन्ने—1954
35. जापान—1935
36. ईरान—1935-36
37. रूस में पच्चीस मास—1944-47, प्रकाशन 1954
38. किन्नर देश में—1948
39. तिब्बत में सवा वर्ष—1931
40. घुमक्कड़ शास्त्र—1949
41. एशिया के दुर्गम भूखण्डों में—1956
42. चीन में क्या देखा—1960

निबन्ध

43. साहित्य निबन्धावली—1949
44. पुरातत्त्व निबन्धावली—1936
45. दिमागी गुलामी—1937
46. तुम्हारी क्षय—1937
47. आज की समस्याएँ—1944
48. साम्यवाद ही क्यों—1934
49. अतीत से वर्तमान—(खण्ड-1 : 1953)

## भोजपुरी

50. तीन नाटक—1942
51. पाँच नाटक—1942

## तिब्बती

52. तिब्बती बाल-शिक्षा—1933
53. तिब्बती पाठावली—(भाग 1,2,3)—1933

# साहित्यतर कृतिहरु

## हिन्दी

विज्ञान

1. विश्व की रूपरेखा—1942

**समाजविज्ञान**

2. मानव-समाज—1942

**राजनीति**

3. सोवियत न्याय— 1939
4. राहुलजी का अपराध—1939
5. आज की राजनीति—1949
6. भागो नहीं, दुनिया को बदलो—1944
7. कम्यूनिस्ट क्या चाहते हैं ?—1953
8. क्या करें ?—1937
9. चीन में कम्यून—1960
10. सोवियत कम्युनिस्ट पार्टी का इतिहास—1939
11. रामराज्य और मार्क्सवाद—1958

**दर्शन**

12. वैज्ञानिक भौतिकवाद—1942
13. दर्शन-दिग्दर्शन—1942
14. बौद्ध दर्शन—1942

**धर्म**

15. बुद्धचर्या—1930
16. धम्मपद—1933
17. मज्झिम-निकाय—1933
18. विनयपिटक—1934
19. दीघ निकाय—1935
20. तिब्बत में बौद्ध धर्म—1935
21. बौद्ध संस्कृति—1950
22. इस्लाम धर्म की रूपरेखा—1923

**यात्रा**

23. सोवियत भूमि—1948
24. सोवियत मध्य एशिया—1948
25. दार्जिलिंग परिचय—1950
26. कुमायूँ—1951
27. हिमालय परिचय गढ़वाल—1952

28. जौनसार-देहरादून—1955
29. आजमगढ़की पुरातात्विक यात्रा—1957
30. हिमाचल प्रदेश—1954 (अप्रकाशित)
31. नेपाल—1953 (अप्रकाशित)

**कोश तथा शब्दावली**

शासन शब्दकोश—1948 : विद्यानिवास मिश्र र प्रभाकर माचवे सह-सम्पादक।

32. तिब्बती हिन्दी शब्दकोश—भाग-1 1974 में साहित्य अकादेमी द्वारा प्रकाशित।

**साहित्य-इतिहास**

34. दक्खिनी हिन्दी काव्यधारा—1952
35. हिन्दी काव्यधारा—1944

**लोक-साहित्य**

36. आदि हिन्दी की कहानियाँ और गीत—1950

**शोध**

37. सरहपाद का दोहा-कोश

**इतिहास**

38. मध्य एशिया का इतिहास—खण्ड 1-2, 1952
39. ऋग्वैदिक आर्य—1956
40. अकबर—1956
41. भारत अंग्रेजी राज्य के संस्थापक—1957
42. पालि साहित्य का इतिहास—1964

**संकलन**

43. तुलसी-रामायण संक्षेप—1957 (अप्रकाशित)
44. सूत्रकृतांगम (सम्पादित) संस्कृत—1960
45. संस्कृत काव्यधारा (संस्कृत) 1955
46. पालि काव्यधारा (अप्रकाशित) 1960

**अनुपवाद**

47. शैतान की आँख — 1923
48. विस्मृति के गर्भ में—1933
49. जादू का मुल्क—1923
50. सोने की ढाल—1923
51. दाखुन्दा—1947
52. जो दास थे—1947
53. अनाथ—1948
54. संविधान का मसौदा—1948 (अप्राप्द)
55. अदीना—1951
56. सूदखोर की मौत—1951
57. शादी—1952

## संस्कृत : सम्पादन, अनुवाद, शोध

58. संस्कृत पाठमाला (पांच खण्ड)—1928
59. अभिधर्मकोश—1930
60. विज्ञाप्ति मात्रता सिद्धि—1934
61. हेतु बिन्दु—1944
62. सम्बन्ध-परीक्षा—1944
63. निदान-सूत्र—परीक्षा—1951
64. महापरिनिर्वाण सूत्र—1951
65. वाद-न्याय
66. प्रमाणवार्तिक—1935
67. प्रमाणवार्तिक भाष्य—1935-36
68. प्रमाणवार्तिक वृत्ति—1936
69. प्रमाणवर्तिक स्ववृत्ति— 1936
70. प्रमाणवार्तिक स्ववृत्ति टीका— 1937
71. अध्यर्द्ध शतक—1935
72. विग्रह व्यावर्तनी
73. विनय सूत्र—1943

## राहुलजीका अन्य भाषाहरुमा अनुवादित कृतिहर

1. सिंह सेनापति—उर्दू, मराठी, गुजराती, तेलुगु, बंगला, बर्मा ।

2. जय यौधेय—मराठी, गुजराती, वंगला, मलयालम।
3. वोल्गा से गंगा—उर्दू, सिन्धी, गुजराती, मराठी, कन्नड़ा, मलयालम, तमिल, तेलुगु, ओड़िया, वंगाली, नेपाली, वर्मा, अंग्रेजी, रूसी।
4. मधुरस्वप्न—गुजराती, वंगला।
5. सरदार पृथ्वीसिंह—मराठी, गुजराती
6. वैज्ञानिक भौतिकवाद—वंगला
7. दर्शन-दिग्दर्शन—वंगला। मलयालम
8. तिब्बत में सवा वर्ष—वंगला।
9. तिब्बत में वौद्ध धर्म—नेपाली
10. वाईसवीं सदी—उर्दू, गुजराती, मराठी, वंगला।
11. साम्यवाद ही क्यों—वंगला, तमिल, उर्दू।
12. मानव समाज—वंगला, गुजराती
13. विश्व की रूप रेखा—मलयालम
14. संस्कृत पाठमाला—सिंहली
15. किन्नर देशमां—वंगला
16. घुमक्कड़ शास्त्र—वंगला
17. सतमी के वच्चे—वंगला
18. विस्मृत यात्री—वंगला
29. वहुरंगी मधुपुरी—वंगला
20. मध्यएशिया का इतिहास भाग-1,—अंग्रेजी
21. भागो नहीं, दुनिया को बदलो—वंगला

Indian In...
116974
8/12/04
SHIMLA

सुविख्यात इतिहासवेत्ता डा० काशीप्रसाद जायसवालले **राहुल सांकृत्यायनको** तुलना बुद्धसित गरेका थिए। राहुलजीको व्यक्तित्व पनि उनका आफ्ना उपलब्धिहरु जस्तै प्रभावशाली र चिरस्मरणीय छ। उनले अनेक यात्राहरु गरेका थिए तथा हिन्दी, भोजपुरी, पालि एवं तिब्बती भाषाहरुमाथि उनको असाधारण अधिकार थियो। उनका प्रकाशित ग्रन्थहरुमा आत्मकथा, दर्शन, बौद्धमत, तिब्बतशास्त्र, शब्दकोश, व्याकरण, भाष्य एवं टीका, शोध, लोक साहित्य, विज्ञान, कथा साहित्य, नाटक, निबन्ध, राजनीति, तथा फुटकर पर्चाहरु आदि सम्मिलित छन्।

सन् 1944 मा **प्रभाकर माचवेजी** राहुल सांकृत्यायनको घनिष्ठ सम्पर्कमा आए र 1963 मा राहुलजीको मृत्युसम्म उनका निकटतम मित्र रहे। यस पुस्तिकामा माचवेज्यू ले राहुलजीको जीवनको संक्षिप्त परिचय प्रस्तुत गरेका छन् अनि हामीलाई भारतीय साहित्य-प्रति उनको योगदानको प्रशंसाको दिशामा प्रेरित गरेका छन्।

Library IIAS, Shimla
N 813.2 Sa 58 M
00116974

SAHITYA AKADEMI
REVISED PRICE Rs. 15.00